का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ वैशाख २०७९,
शुक्रबार
6 May 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ९० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



भरतपुरमा आयोजित चुनावी सभामा प्रधानमन्त्री देउवा सहित गठबन्धनका शीर्ष नेताहरु । तस्वीर: रोशन सापकोटा, रासस

## रेनु जिताउन सम्पूर्ण शक्ति प्रयोग !

प्रधानमन्त्री एवम् कांग्रेस सभापति शेरबहादुर देउवा देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल लगायत नेताहरुले बिहीबार भरतपुरमा एउटै मञ्चमा उभिएर रेनु दाहाललाई मत मागे । सम्भवत: कुनै मेयरका उम्मेद्वारका लागि यति ठूलो प्रयत्न भएको यो पहिलोपटक हो ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २२ वैशाख ।

भरतपुर महानगर पालिकामा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पुत्री समेत रहेकी रेनु दाहाल मेयर पदका उम्मेद्वार छन् । उनी विरुद्ध नेकपा एमालेले विजय सुवेदीलाई मैदानमा उतारेका छन् । सुवेदीले यसपटक एमालेको जित नरोकिने दावी गरिरहेका छन् ।

तर उनी विरुद्ध सत्ता गठबन्धनबाट रेनुको उम्मेद्वारी कमजोर छैन । चर्को आलोचनाबीच रेनु जिताउन गठबन्धनका नेताहरुले सत्ता र शक्तिको प्रयोग गर्न पछि परेका छैनन् । बिहीवार भरपुतरमा रेनु जिताउने प्रयोजनका निम्ति गठबन्धनका दलहरुको साझा सभा भयो । संयुक्त सभालाई नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायत शीर्षस्थ नेताले मतदातासँग अपील गरे ।

प्रधानमन्त्री देउवाले रेनुलाई जिताएर पठाउन निर्देशनात्मक अपील गरे । 'यस्तो राम्रो काम गर्ने मान्छेलाई हराए जनताले के भन्लान् । यस्तो राम्रो काम गर्नेलाई धन्यवाद दिएर अघि बढाउनुपर्छ । उहाँले जिति सक्नुभएको छ । साथीहरूलाई कुनै बखेडा नगर्नका लागि आग्रह गर्दछु' प्रधानमन्त्री देउवाको अपील थियो । गठबन्धनप्रति मेचीदेखि महाकालीसम्म नेपाली कांग्रेसका जनताको भरोसा भएर नै ८२ प्रतिशत भोटले पार्टी सभापति भएको देउवाको भनाई थियो ।

प्रचण्डले पनि रेनुलाई आफ्नो छोरी भनेर भन्दापनि अघिल्लो पटक गरेको काम हेरेर जिताउन अपील गरे । 'तपाईहरुले अहिले पनि यो गठबन्धन राष्ट्रको आवश्यकता हो, गणतन्त्र र लोकतन्त्रको आवश्यकता हो, देशको विकास र समृद्धिको आवश्यक हो भन्ने नबुझेर हालिँदैन हसिया हथौडामा भोट भन्नुभयो भने देश दुर्घटनामा जान सक्छ' प्रचण्डले भने । प्रचण्डले गठबन्धनलाई १५-२० वर्ष टिकाउने प्रतिवद्धता समेत गरेका छन् ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले प्रचण्डको छोरी भनेर भन्दा पनि रेनुको योग्यता हेरेर जिताउन अपील गरे । 'रेनुलाई पुष्पकमल दाहालको छोरीका मात्रै हेर्नु हुन्न,' उनले भने, 'कोही योग्य छन् भने आफ्नो योग्यताका आधारमा आउने हुन् । बाबुको आधारमा होइन । कोही योग्य छ भने छोरी भनेर छेक्नु पनि हुँदैन' अध्यक्ष नेपालले भने । उनले भरतपुरले विकासप्रेमी मेयर पाएको दाबी गर्दै अध्यक्ष नेपालले मेयरकी उम्मेदवार रेनु दाहालको प्रसंसा समेत गरेका छन् ।

भरतपुरको मेयरमा रेनुलाई जिताउन अपील गर्दै नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले बागी उम्मेद्वारको आलोचना गरेका छन् । 'उहाँहरुले धर्यता राख्न सक्नु भएन । चाँडै उठेर जान खोज्नुभयो । भावावेश र उत्तेजनामा असन्तुष्टि व्यक्त गरे जस्तो लाग्यो' नेता पौडेलले भने । उनले गठबन्धनको मर्म अनुरुप नै निर्णय गर्न नेताहरुलाई अपील गरेका छन् ।

मेयरको उम्मेद्वार दाहालले पनि पाँच वर्षमा भरतपुरलाई गर्व गर्ने ठाउँमा पुर्‍याएको दाबी गरेकी छिन् । 'पाँच वर्षमा टाउको झुकाउन नपर्ने गरी, प्रतिपक्षसँग आँखा जुधाएर कुरा गर्न सक्ने भएका छौं, भरतपुरलाई गर्व गर्ने ठाउँमा पुऱ्याएका छौं' उनले भनिन् । संभवत: कुनै मेयरका उम्मेद्वारका लागि फरक दलका प्रमुखहरु रहेका प्रधानमन्त्री सहित दुई पूर्वप्रधानमन्त्री एउटै मञ्चमा उभिएको यो पहिलो पटक हो । यसअघि गृहमन्त्री बालकृष्ण खाँणले केही दिन भरतपुरमा

– बाँकी पृष्ठ २ मा



### गठबन्धनमा भरतपुर फ्याक्टर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २२ वैशाख ।

पाँच दलीय सत्ता गठबन्धनका शीर्ष नेताहरु बिहीबार चितवनको भरतपुर पुगे । भरतपुर पुगेर संयुक्त सभालाई सम्बोधन गर्दै उनीहरुले मेयर उम्मेदवार रेनु दाहालको जीत र हारले राजनीतिक समिकरण भर पर्ने प्रष्ट संकेत गरे ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र बरिष्ठ नेता रामचन्द्र पौडेल, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल, जनता समाजवादी पार्टीका नेता राजेन्द्रप्रसाद श्रेष्ठ लगायतका नेताहरुले सम्बोधन गरे । चितवनका स्थानीय नेताहरुले पनि सम्बोधन गरे । सबै नेताहरुको सार चितवनको चुनावी परिणामसँग जोडिएको थियो ।

प्रचण्डले प्रष्ट शब्दमा भरतपुरको चुनावी परिणामलाई सत्ता गठबन्धनको मात्र नभई देशकै भविष्यसँग तुलना गरे । उनले चेतावनीको शैलीमा भने, 'हालिँदैन हँसिया हथौडामा भोट भन्नुभयो भने देश दुर्घटनामा जान सक्छ ।'

पाँच दलीय सत्ता गठबन्धन राष्ट्र र जनताको आवश्यकता हो, भनेर उत्साहपूर्वक मेयर उम्मेदवार दाहाल र उपमेयर उम्मेदवार चित्रसेन अधिकारीको टिमलाई विजयी गराएको खण्डमा सत्ता गठबन्धनलाई २० वर्ष

– बाँकी पृष्ठ २ मा

**सवारी दुर्घटनाबाट बचौं र बचाऔं**

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचालाऔं,
- आफूले यात्रा गरिरहेको सवारी साधनले चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचालाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत सम्भार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आइजीपी प्रकरण

## अन्तरिम आदेश दिन अस्वीकार

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २२ वैशाख ।



सर्वोच्च अदालतले प्रहरी महानिरीक्षक (आइजिपी) बढुवाविरुद्धको रिट निवेदनको प्रारम्भिक सुनुवाइमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ ।

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहलाई नियुक्त गर्ने मन्त्रिपरिषद्को निर्णयविरुद्ध प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) विश्वराज पोखरेलले यही वैशाख १९ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।

वैशाख १८ गते बसेको मन्त्रिपरिषद्को बैठकले सिंहलाई प्रहरी महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको थियो । अदालतमा दायर रिटमा आफूभन्दा डेढ वर्ष कनिष्ठलाई बढुवा गर्ने सरकारको निर्णय बदर गर्न माग गरिएको छ ।

तर, अदालतले प्रारम्भिक सुनुवाइमा आइजिपी बढुवा विवादमा अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । न्यायाधीश सुस्मालता माथेमाको एकल इजलासले बिहीबार उक्त विवादमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो ।

उक्त विवादको अन्तिम सुनुवाइ आगामी जेठ १७ गते गर्ने आदेश भएको छ । आदेशमा तोकिएको दिनमा नै अन्तिम सुनुवाइ गरिने र सो मिति सार्न नपाइने पनि उल्लेख छ । उक्त अवधिभित्र दुवै पक्षले लिखित जवाफ पेस गर्न पनि आदेश भएको छ ।

यसअघि बुधबार पनि यो विवादको सुनुवाइ भएको थियो । सरकारी पक्षले बहस गरेको हुँदा समय अभावका कारण सुनुवाइ नसकिएपछि आजका लागि हेर्दाहेर्दैमा राखिएको थियो ।

र आदेश भएको छ, 'निर्णय कार्यान्वयन भई मिति २०७९/१/१९ गते दर्ज्यानी चिह्नसमेत प्रदान गरिसकेको भन्ने सम्मिलित हुन आउनुभएका विद्वान महान्यायाधिवक्ता लगायत कानून व्यवसायीका बहसबाट समेत जानकारी हुन आएको छ ।'

'निवेदकले उठाउनुभएको कानूनी

– बाँकी पृष्ठ २ मा

## विभागद्वारा दश जनाविरूद्ध करोडौं ठगी मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ वैशाख

वैदेशिक रोजगार विभागले ठगी गर्ने दश जनाविरूद्व मुद्दा दायर गरेको छ । विभागले बिहीबार वैदेशिक रोजगार न्यायाधिकरणमा ८ जना ट्राभल्स एजेन्सीका सञ्चालकसहित दश जनाविरुद्व मुद्दा दायर गरेको हो ।

इन्टरनेशनल एक्स्पो एण्ड टुर्स कन्सल्टेन्सीका सञ्चालक राधा सुवेदीसहितका व्यक्तिले माल्टा पठाउने भन्दै १ सय २२ जनासँग प्रतिव्यक्ति २ लाख ३५ हजार रुपैयाँसम्म असुलेको विभागका सूचना अधिकारी एवं निर्देशक कृष्णप्रसाद भुसालले जानकारी दिए ।

उनका अनुसार सञ्चालक सुवेदी लगायतका व्यक्तिहरूले ठगीमा परेका जीवन ढुंगेलसहित १ सय २२ जनाबाट १ करोड ६४ लाख ८ हजार रुपैयाँ ठगी गरेको भन्दै त्यसको ५० प्रतिशत हर्जना ८२ लाख ४ हजार गरी २ करोड ४६ लाख १२ हजार रुपैयाँ विगो असुल उपर हुनुपर्ने माग गरेका छन् ।




वैदेशिक रोजगार विशेष

त्यसै, विभागले कास्कीका माछापुच्छे गाउँपालिकाका सदीक्षा गुरुङ र खिनशोभा गुरुङविरूद्व मुद्दा दायर गरेको छ ।

अनुमति विना वैदेशिक रोजगारीका लागि क्यानडा पठाउने भन्दै ४१ लाख ४२ हजार ५ सय रुपैयाँ ठगी गरेको आरोपमा न्याधिकरणमा मुद्दा दायर गरिएको हो ।

त्यसैगरी विभागले पोखराका कुमार गुरुङलाई क्यानडामा आकर्षक रोजगारी उपलब्ध गराईदिने प्रलोभन दिएर ४१ लाख ४२ हजार ५ सय रुपैयाँ ठगी गरेको भन्दै त्यसको ५० प्रतिशत हर्जना गरी ६२ लाख ७३ हजार ७ सय ५० रुपैयाँ असुल गर्नुपर्ने दावी गरेको छ । विभागले गत चैत २४ गते गुरुङलाई पक्राउ गरेको थियो ।

वैदेशिक रोजगार ऐनको दफा १० मा अनुमति नलिई वैदेशिक रोजगारीमा पठाउन प्रतिबन्ध लगाएको छ । यस्तै ऐनको दफा ४३ ले पीडितलाई विगो र त्यसको ५० प्रतिशत हर्जना र सात वर्षसम्म कैद गर्ने व्यवस्था गरेको छ । यस्तै विभागले आकर्षक वैदेशिक रोजगारीको नाममा शैक्षिक कन्सल्टेन्सीबाट ठगीको धन्धा व्यापक रूपमा बढेको निष्कर्ष निकालेको छ ।

राजधानीमा सञ्चालित दर्जनौं शैक्षिक कन्सल्टेन्सीलाई प्रहरीले पटक-पटक कारबाही चलाउँदै आएको भएपनि कन्सल्टेन्सीबाट वैदेशिक रोजगारको नाममा ठगी गर्ने धन्दा भने नरोकिएपछि विभागले शैक्षिक कन्सल्टेन्सीहरू माथि अनुगमनको माग गरेको छ ।

वैदेशिक रोजगारीका लागि जापान, युरोपेली मुलुक, अमेरिका र क्यानडा पठाइदिने भन्दै तेस्रो व्यक्ति खडा गरेर एक लाख रुपैयाँ मात्र ठगी गरिएको उजुरी आएको तर शैक्षिक कन्सल्टेन्सीका मुख्य व्यक्ति फरार भई उनीहरूका कर्मचारी मात्र पक्राउ पर्ने गरेको विभागले जनाएको छ । वैदेशिक रोजगारीको आकर्षक सपना देखाएर रकम उठाउने र त्यसपछि सम्पर्कविहीन भई ठग्ने गरिएको भन्दै विभागले शैक्षिक कन्सल्टेन्सीहरूको अनुगमनको जिम्मेवारी पाएका सरकारी निकायहरूबाट

– बाँकी पृष्ठ २ मा

**जापानमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : COOPERATIVE FUJI  शहर : Japan, Yokohama City
पूर्व स्वीकृत मितिः २०७९/०१/२२  चलानी नं.: ६०१७८९१७  Lt. No.: 262674

| सि.नं. | कामदारको पद | माग संख्या (महिला) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER FISHERY (FISHERY LABOURER) | 25 | 157340 | १,४७,३७३ | क. नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ ६ र ७ गते (20 & 21 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर : २० वर्ष पुरा भई ३२ वर्ष ननाघेको हुनुपर्नेछ (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटर्ल पयटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको सहकारी वा सामुदायीक संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने । **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी; सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुन: कामामा लगाउनेछु भनी सम्वन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र ।(ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफै कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजातको प्रतिलिपि
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति :** स्थान यस प्रा.लिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र **२) प्रशिक्षार्थीले तिर्नुपर्ने** (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको ) कुल खर्च : जम्मा रु ५०,०००।- मात्र **३) प्रशिक्षार्थी छनोट गर्ने तरिका, मिति र स्थान: मिति २०७९ जेठ ६ र ७ गते लिखित तथा अन्तर्वार्ता यस प्रा.लि.को कार्यालय, हुनेछ ।**
वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवाय रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**प्रशिक्षार्थीको शैक्षिक योग्यता उच्च माध्यमिक तह उतीर्ण गरि जापानिज भाषामा कम्तीमा N-5 लेभल पास गरेको हुनुपर्नेछ। माछा सम्बन्धी प्रशोधन तथा प्याकेजिङको अनुभव भएकालाई विशेष ग्राहयता दिईनेछ ।**

श्रम इजाजत नं. ८५७/०६६/०६७

**होप इन्टरनेशनल प्रा. लि.**
रानीबारी, लाजिम्पाट, काठमाडौं, नेपाल, पो.ब.नं.: ८५३६
Tel.: 01-4002151, 01-4002139/ 9818224421, 9849255507, 9851060348
Email: info@hopeintlnepal.com, admin@hopeintlnepal.com Web.: www.hopeintlnepal.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२३ वैशाख २०७९, शुक्रबार
6 May 2022, Friday

# निर्वाचनमा भाग लिन गृहमन्त्रीको आग्रह

**सप्तरी/मस-** गृहमन्त्री बालकृष्ण खाँणले ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनमा भाग लिन अहिलेसम्म निर्वाचनमा भाग नलिएका राजनीतिक दल र सम्पूर्ण नागरिकलाई आग्रह गरेका छन् । बिहीबार सप्तरीको राजविराजमा आयोजित सुरक्षा गोष्ठीमा गृहमन्त्री खाँणले आम नागरिक र राजनीतिक दलहरूलाई निर्वाचनमा भाग लिने वातावरण निर्माण गर्न स्थानीय प्रशासन र सुरक्षा निकाय लाग्नुपर्ने बताए । आवधिक निर्वाचन लोकतन्त्रमा अपरिहार्य हो । म अहिलेसम्म निर्वाचनमा भाग नलिएका राजनीतिक



दललाई यो निर्वाचनमा भाग लिएर नागरिकको सशक्तिकरण र विकास निर्माणको कार्यमा सहभागी हुन आग्रह गर्छु'', गृहमन्त्री खाँणले भने, 'निर्वाचनमा सबैको सहभागिताका लागि स्थानीय प्रशासन र सुरक्षा निकायले वातावरण निर्माण गर्नुपर्छ ।'

गृहमन्त्री खाँणले सरकार स्थानीय तह निर्वाचन शान्तिपूर्णरूपमा स्वच्छ, निष्पक्ष र धाँधलीरहित तरिकाले सम्पन्न गर्न प्रतिबद्ध रहेको बताए । सीमित स्रोतसाधनको उपयोग गरेर निर्वाचनको सुरक्षा प्रबन्धबारे सुरक्षा निकाय र स्थानीय प्रशासनले गरेको तयारी प्रशंशायोग्य रहेको भन्दै गृहमन्त्री खाणले आगामी दिनमा पनि यो भन्दा राम्रो व्यवस्थापन स्थानीय प्रशासन र सुरक्षा निकायले निर्वाचनका सन्दर्भमा गर्नेमा आफू आशावादी रहेको बताउनुभयो । सुरक्षा गोष्ठीका सहभागीले निर्वाचनको तयारी चुस्तदुरुस्त रूपमा आफूहरूले गरिरहेको बताएका थिए ।

# घरदैलो अभियानमा व्यस्त मेयरका उम्मेद्वार शाह

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, २२ वैशाख

कृष्णनगर नगरपालिकाको मेयरका उम्मेद्वार रजत प्रताप शाह घरदैलो अभियानमा व्यस्त छन् । कृष्णनगर नगरपालिका वडा-९ नेपाली कांग्रेसको वडाध्यक्ष उम्मेद्वार मंगल प्रसाद गुप्ता तथा वडा नं ८ का वडाध्यक्ष उम्मेद्वार राम कपुर चौधरीलगायत कांग्रेसका समर्थकहरु पनि अभियानमा छन् ।

बिहीबार बहादुरगंज चोकमा भएको कार्यक्रममा मन्तव्य राख्दै मेयरका उम्मेद्वार शाहले आफू पाँच वर्ष जनताकोबीचमा रहि जनताप्रति वफादार रहेर काम गरेको र आफूले जात, धमभन्दा माथि उठेर काम गरेको बताए । नगर भित्र चलिरहेको विकासका कार्यलाई निरन्तरता दिने चाहना रहेकाले पुनः स्थानीय चुनावमा भोट दिएर आफूलाई जिताउन सबैसँग आग्रह गरेका थिए । निवर्तमान नगर प्रमुखसमेत रहेका शाहले आफूलाई पुन एक पटक विजयी गराउँनका लागि अनुरोध गरे ।



## माण्डवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति :२०७९/०१/२३

यस माण्डवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जस्पुर प्युठानको मिति २०७८/१०/२५ गते बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित "Construction of Ramdi Health Post Building" ठेक्का नः 19-MRM-NCB-078/79 निर्माण कार्य लागि रितपुर्बक पेश भएका बोलपत्रहरुको प्राबिधिक र आर्थिक मुल्याकन हुँदा बोलपत्रहरुको न्यूनतम मुल्याकन सारभूत रुपमा प्रभाबग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतको लागि छनोट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उफदफा २ बमोजिम र सोहि प्रस्ताब खोलि बोलपत्र मुल्याकन समितिले योग्यताको सम्पूर्ण आधारहरुमा सफल भई सारभूत रुपमा प्रभाबग्राही रहेको ठहर गर्दै सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ)को उपनियम (५)दफाको ३ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीका लागि बोलपत्र स्वीकृत गर्न ७ दिने आशयपत्रको सूचना जारी गरिएको छ ।

तपशिल :-

| सि.न. | बिबरण | बोलपत्रदाताको नाम | कबोल रकम रु (भ्याट र पि.एस. आइटम सहित) |
|---|---|---|---|
| १ | "Construction of Ramdi Health Post Building" | Rivit-Subarnawoti joint venture, Eriwang, Rolpa- Nepal | 1,61,15,238.22 |

प्रमुख प्रशासकीय अधिकृत



# शिक्षक चुनावी प्रचारमा हिंडे कारवाही

**बागलुङ/मस-** शिक्षक नै खुलेआम दलका चुनावी प्रचारमा हिँडेको पाइएपछि शिक्षा विकास तथा समन्वय एकाइले त्यसो नगर्न शिक्षक तथा विद्यालय कर्मचारीको ध्यानाकर्षण गराएको छ ।

एकाइ प्रमुख कुश्मराज उपाध्यायले शिक्षक दलका अभियानमा खुलेर लाग्नु आचारसंहिताविपरीत हुने बताए । शिक्षकलाई चुनावी प्रचारमा हिँड्न शिक्षासम्बन्धि ऐन, कानूनले पनि नदिने उनको भनाइ छ । एकाइले विद्यालयलाई पत्राचार गर्दै निर्वाचन आचारसंहिता विरुद्ध हुने कुनै पनि कार्य नगर्न/नगराउन भनेको छ । प्रचलित ऐन, नियम र आचारसंहिताविपरीत कार्य भएमा नियमानुसार कार्वाही हुने एकाइले जनाएको छ ।



दलका चुनावी अभियानमा शिक्षक प्रत्यक्षरुपमै संलग्न भएका गुनासा आएपछि त्यसलाई निरुत्साहित पार्न पहल लिइएको एकाइ प्रमुख उपाध्यायले बताए ।

# बागीलाई सघाएको आरोपमा निष्काशित

**झापा/मस-** नेकपा एमाले मेचीनगरले बागी उम्मेद्वार बनेका र तिनलाई सघाएको आरोपमा आठ जनालाई कारबाही गरेको छ । मेचीनगरमा एमालेको उपप्रमुखको आधिकारिक उम्मेदवार मीना पोखरेल उप्रेतीविरुद्ध बागी उम्मेदवारी दिएका डिल्लीराम घिमिरेसहित विभिन्न जिम्मेवारीमा रहेका आठ कार्यकर्तालाई पार्टीको सदस्यता समेत नरहनेगरी कारबाही गरिएको पार्टीका नगर अध्यक्ष राजु पोखरेलले जानकारी दिए । उपप्रमुखमा बागी उम्मेदवारी दिएका घिमिरे एमालेको क्षेत्रीय कमिटीको संयोजक थिए ।




पार्टीबाट निष्काशित हुनेमा उपप्रमुखको बागी उम्मेदवार घिमिरेका समर्थक र प्रस्तावक क्रमशः दीपक घिमिरे र खिलबहादुर गिरी छन् । वडा नं २ का आधिकारिक उम्मेदवार दीपक बरालविरुद्ध बागी उम्मेदवारी दिएका तिलक न्यौपाने र उनको समर्थक रहेका मेघनाथ बाँस्तोलालाई पनि एमालेले कारबाही गरेको छ ।

बागी उम्मेदवार न्यौपानेको प्रचार प्रसारमा लागेका सोही वडाका पार्टी अध्यक्ष भानु ढुङ्गेल, तुलसा धिताल र हरिचरण चौलागाईलाई समेत अनुशासन उल्लङ्घन गरेको आरोपमा एमालेले कारबाही गरेको छ । वडा नं ७ को वडाध्यक्षमा एमालेका बागी उम्मेद्वार नेत्रप्रसाद दाहाललाईसमेत पार्टीको सदस्यसमेत नरहने गरी निष्काशित गरिएको पार्टीका नगर अध्यक्ष पोखरेलले बताए ।



## चिशंखुगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सेर्ना, ओखलढुंगा
प्रदेश नं. १, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति: २०७९/०१/२३

**चिशंखुगढी गाँउपालिकाको कार्यालय, सेर्ना, ओखलढुंगाद्वारा मिति २०७८।११।२३ गते राष्ट्रिय दैनिक पत्रिका हिमालय टाइम्समा प्रकाशित सूचना अनुसार** CRM/NCB/G/05/2078/079 (Supply and Delivery of Laptop, Printer and Other Electronic Devices.) **ठेक्काको (बोलपत्र) लागि रीतपूर्वक** E-Bidding **मार्फत पेश हुन आएका २ वटा बोलपत्रहरुको मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।**

तपसिल

| क्र.सं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | CRM/NCB/G/05/2078/079 | N.P. Trade and Stationery Suppliers, Buddhanagar, Kathmandu | ३७,९६,८००.००/- |

प्रमुख प्रशासकीय अधिकृत



# सुनौलो कछुवासहित एक जना पक्राउ

काठमाडौं/मस- प्रहरीले सुनौलो रंगको कछुवासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा कीर्तिपुर नगरपालिका-८ घर भएका २३ वर्षीय आशिष थापा घर्ती छन् ।

उनलाई प्रहरीले काठमाडौंको चावहिलस्थित खोटाङ हलेसी गेष्ट हाउसमा कछुवा 'बिक्री डिल' गरिरहेको अवस्थामा पक्राउ गरेको हो । पक्राउ परेका थापाको साथबाट प्रहरीले एउटा सुनौलो रंगको कछुवा बरामद गरेको छ ।



उनले सुनौलो कछुवा बेच्न २० लाखमा डिल गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । आरोपमाथि थप अनुसन्धान र कानूनी कारबाहीका लागि जिल्ला वन कार्यालय हात्तीसारमा पठाइएको प्रहरीले जनाएको छ ।

## रेनु....

बिताएका थिए । उनले रेनुलाई जिताउन कांग्रेस नेता जगनाथ पौडेलको उम्मेद्वारी फिर्ताको प्रयत्न गरेका थिए । तर पौडेलले उम्मेद्वारी फिर्ता लिएनन् । बुधबार फेरि प्रधानमन्त्री देउवा चितवन पुगे । पौडेल टमसम नभएपछि बिहीबार संयुक्त सभालाई प्रधानमन्त्री देउवाले सम्बोधन गरेका छन् ।

## गठबन्धनमा...

लैजाने प्रतिबद्धता व्यक्त गरे । अर्थात, रेनु पराजित भए सत्तागठबन्धन टुट्ने उनको प्रष्ट अभिव्यक्ति छ ।

प्रचण्डको यस्तो संदेश सार्वजनिक रुपमै प्रकट भएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले कुटनीतिक चार्तुता देखाए । रेनु काम गर्ने मान्छे भएको भन्दै प्रशंसा गरे । राजनीतिक विश्लेषक कृष्ण पोखरेल नेपालमा गठबन्धनको संस्कृति नयाँ ढंगले विकास हुन खोजिरहेको बताउँछन् ।

उनी भन्छन्, 'एउटा उदेश्यले बनेको गठबन्धन सत्ता र सक्तिका लागि एकले अर्कोलाई फकाएर, तर्साएर थप दरिलो बनाउने संस्कृतिको विकास हुन खोजेको देखिन्छ । यसले मुलुकलाई कुन दिशामा लैजान्छ त्यसले आउँदो पुस्ता नै प्रभावित हुने खतरा रहन्छ ।'

०७४ को चुनावबाटै गठबन्धनको संस्कृतिको विकासको अभ्यास भएको र पहिलो प्रयास असफल भएको भन्दै उनी ०७९ मा आइपुग्दा गठबन्धनकै नयाँ संस्कृति देखा परेको र एकतिर नमिल्दा सारा बिग्रनेगरी गठबन्धनको जालो फैलाइएको उनको विश्लेषण छ ।

०७४ को स्थानीय तहको चुनावमा कांग्रेस-माओवादी गठबन्धन भएको थियो । तर, चितवनको भरतपुरमै अपेक्षित भोट नपाएपछि नयाँ गठबन्धनको अभ्यास गर्न पुगेको र त्यहाँ असहज भएपछि पुनः कांग्रेससँगको गर्न आइपुगेको भनी प्रचण्डले सार्वजनिक अभिव्यक्ति दिनुले नयाँ अभ्यास असफल भएको देखाउने उनी बताउँछन् ।

'वाम एकता र गठबन्धनको संस्कृति धेरैले पचाएको थियो । तर, बिचार र सिद्धान्तमा नजिक भएकाहरुको गठबन्धन असफल भएपछि राजनीतिक सिद्धान्तमा दुई धुर्वका मानिनेहरुबीचको गठबन्धन अगाडि बढेको छ । जसलाई कसिलो बनाउन देशभर जालो फैलाइएको छ जसलाई तोड्दा प्रचण्डले भने जस्तो देश नै दुर्घटनामा नपरेपनि राजनीतिक कोर्श नयाँ ढंगमा अगाडि बढ्ने निश्चित गरिएको छ ।'

पोखरेलका अनुसार कांग्रेस कम्युनिस्ट र समाजवादी दलहरुको गठबन्धन दल दलका बीचको गठबन्धन मात्रै छैन् । दलभित्रको गुटगत गठबन्धनलाई पनि मिलाईको छ । जसलाई तोड्दा दलहरु मात्रै विभाजित हुने छैनन् दलहरुको आन्तरिक लोकतन्त्रमा समेत असर पर्ने देखिन्छ ।

'माओवादीलाई भरतपुर दिँदा एकीकृत समाजवादीलाई पोखरा महानगर दिनुपऱ्यो । काठमाडौं महानगर प्रकाशमान सिंहलाई दिँदा विराटनगर डा. शेखर कोइरालाको भागमा पऱ्यो' यो भागवण्डा दलहरुभित्रको मात्रै छ त ?' पोखरेलको प्रश्न छ ।

उपमहानगर, नगरपालिका, गाउँपालिकामा गठबन्धनमा रहेका दलभित्रका गुटको समेत व्यवस्थापन गरिनुले गठबन्धनको जालो भित्रैसम्म पुगेको देखिने उनी बताउँछन । तर, भित्रैसम्म पुगेको जालोमा विश्वासको कमी रहेको भने प्रष्टै देखिने उनी बताउँछन । उनका अनुसार देशभर गठबन्धन गरेको भएपनि वागी उम्मेदवार गठबन्धनबाटै उत्रनु, ठाउँ ठाउँमा केन्द्रीय निर्णयविरुद्ध जिल्ला र स्थानीय कमिटीले निर्णय गर्नु र उम्मेदवार उठाउनु यसैको उदाहरण हो ।

## आइजीपी...

प्रश्नका सम्बन्धमा पूर्ण सुनुवाइका समयमा विवेचना भई न्यायिक निरुपण हुने नै हुँदा हाल निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन' आदेशमा भनिएको छ ।

## विभागद्वारा...

अनुगमन र कारबाहीको समेत आग्रह गरेको छ । शैक्षिक कन्सल्टेन्सीहरू दर्ता शिक्षा मन्त्रालय अन्तर्गत हुने गरेका छन् ।

वैदेशिक रोजगारीमा जानुपूर्व वैदेशिक रोजगार ऐनमा भएको व्यवस्था अनुसार श्रम स्वीकृति लिनुपर्ने अनिवार्य गरिएको भन्दै बिना श्रम स्वीकृति वैदेशिक रोजगारीमा नजान पनि विभागले सचेत गराएको छ ।



हरित नगर समृद दमक

## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
१ नं. प्रदेश, नेपाल

DAMAK MUNICIPALITY

### आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०१/२३)

यस दमक नगरपालिकाको आ.ब. २०७९/०८० मा निम्न आन्तरिक आयहरुको संकलनका लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरु उल्लेख गरी यो सूचना प्रकाशित गरीएको छ । ठेक्का लिन चाहने कम्पनीरफर्महरुले तपशिलको सेवा शर्तका वन्देजमा रही गोप्य शिलवन्दी बोलपत्र फारमरबिद्युतिय माध्यम (ई-विड) बाट समेत पेश गर्ने गरी यो सूचना आव्हान गरिएको छ ।

तपशिल

| क्र. सं. | ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक १३ भ्याट सहित | धरौटी | बोलपत्र दस्तुर रु. | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दर्ता गर्ने अन्तिम मिति | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | DAMAK/JHAPA/PSH/080/078/079 | (कृषि तथा पशुपंक्षीजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने) पशुहाट कर संकलन | रु. १,६१,७०,०००।- | ५% | ३०००/- | पत्रिकामा सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म | सूचना प्रकाशित भएको मिति देखि फाराम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२:०० बजे सम्म | |
| २ | DAMAK/JHAPA/PRK/081/078/079 | पाकिङ्ग सेवा शुल्क | रु. ३४,९३,८७५।- | ५% | ३०००/- | पत्रिकामा सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म | सूचना प्रकाशित भएको मिति देखि फाराम खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिउँसो १२:०० बजे सम्म | |

**नोटः-अन्य विस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।**

# सबै जिल्लामा मतपत्र



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ वैशाख

निर्वाचन आयोगेले स्थानीय तह निर्वाचनका लागि आवश्यक मतपत्र छाप्ने काम सकिएको जनाएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बिहीबारको नियमित पत्रकार सम्मेलनमा मतपत्र छाप्ने काम सकिएको र शुक्रबार आजसम्म सबै जिल्लामा मतपत्र पुऱ्याइसक्ने जानकारी दिए । स्थानीय तह निर्वाचनका लागि मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र मतगणना कर्मचारीलाई अति जरुरी मानवीय र संवेदनशील अवस्थामा बाहेक खटिएका कर्मचारीलाई फेरबदल नगर्न आयोजनले आग्रह गरेको छ।

यस्तै, कुनै पनि कर्मचारीले निर्वाचनको काममा खटिन इन्कार गरेमा प्रचलित कानून बमोजिम कडा कारबाही गर्न मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरुलाई आयोगले निर्देशन दिएको प्रवक्ता शर्माले जानकारी दिए ।

मतदान कार्यमा खटिएका सम्पूर्ण कर्मचारीहरुलाई अनिवार्य रुपमा आफू खटिएका ठाउँमा अबिलम्व जान र तोकिएको जिम्मेवारी पूरा गर्न आयोगले निर्देशन दिएको छ। स्थानीय तहको निर्वाचन देशभर एकैसाथ वैशाख ३० गते शुक्रबार हुँदैछ ।

यसैबीच शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय चुनावका लागि मतदान केन्द्र तोकिएका विद्यालयहरुमा विद्यार्थीलाई भौतिक उपस्थिति नगराउन निर्देशन दिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रानुसार वैशाख २८ गतेदेखि ३० गतेसम्म तीन दिन विद्यालयहरुमा विद्यार्थीलाई भौतिक उपस्थिति नगराउन निर्देशन दिइएको केन्द्रले जनाएको छ ।

मतदानस्थल तथा मतदान केन्द्रहरु रहेका विद्यालयको उपयोग गर्नुपर्ने भएकोले मतदानस्थल तथा मतदान केन्द्र तोकिएका विद्यालयमा विद्यार्थीहरुको भौतिक उपस्थिति नगराउन भनेको हो । त्यस अवधिमा विद्यार्थीहरुलाई बैकल्पिक पद्दतीबाट पठनपाठनको व्यवस्था मिलाउन निर्देशन दिएको छ ।

यसैबीच निर्वाचन आयोगले वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ को व्यवस्थापकीय कार्यलाई थप स्वच्छ, स्वतन्त्र, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन मतदानको दिनको ४८ घण्टा अगाडिदेखि मतदानको कार्य सम्पन्न नभएसम्मका लागि सबै अन्तर्राष्ट्रिय सीमाबाट हुने आवतजावत बन्द गर्न नेपाल सरकारलाई लेखी पठाएको छ ।

आयोगको बिहीबारको बैठकले वैशाख २७ गते मंगलबार राति १२ बजेदेखि अन्तर्राष्ट्रिय सीमाबाट हुने आवतजावत बन्द गर्न र मतदान हुने दिन आन्तरिकरुपमा सञ्चालन हुने सबै प्रकारका यातायात बन्द गर्न नेपाल सरकार गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

यसैगरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को दफा ७१ (मादक पदार्थ निषेध गर्ने) मा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि वैशाख २७ गते राति १२ बजेदेखि मतदानको कार्य सम्पन्न नभएसम्मका लागि तोकिएको क्षेत्रमा मादक पदार्थको बिक्री वितरण र सेवन सख्त निषेध गर्न गृह मन्त्रालयलाई लेखी पठाउने पनि आयोगले निर्णय गरेको छ ।

# सीमा गस्ती परिचालनका विषयमा विस्तृत छलफल

**विराटनगर/मस–** मोरङको सुन्दरहरैंचा नगरपालिकाअन्तर्गत नेपालीरिका होटलमा नेपाल-भारत जिल्ला सीमा समन्वय बैठक बिहीबार सम्पन्न भएको छ । मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालको अध्यक्षतामा बसेको बैठकमा सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, सुनसरीका प्रहरी उपरीक्षक सञ्जयसिंह थापा, मोरङका प्रहरी उपरीक्षक शान्तिराज कोइराला र भारत अररिया जिल्लाका डिएम प्रशान्तकुमार सिएचसहित भारतीय प्रहरी अधिकृतको उपस्थिति थियो ।



यही वैशाख ३० गते नेपालमा हुन गइरहेको स्थानीय तहको निर्वाचनका सन्दर्भमा भएको बैठकमा निर्वाचन अघि ७२ घण्टा सीमा बन्द गर्ने, तस्करी नियन्त्रण र संयुक्तरूपमा सीमा गस्ती परिचालनका विषयमा विस्तृत छलफल भएको मोरङका प्रमुख जिल्ला अधिकारी दाहालले जानकारी दिए ।

उनका अनुसार निर्वाचनमा कुनै पनि किसिमको आपराधिक घटना हुन नदिन, खुला सीमाका कारण नेपालमा हुनसक्ने आपराधिक घटनालाई रोक्न, निर्वाचन भयरहित, स्वच्छ, स्वतन्त्र एवं पारदर्शीरूपमा सम्पन्न गर्न भारतीय सुरक्षा अधिकारीसँग छलफल गर्न बैठक आयोजना भएको र यसमा दुवै देशका सुरक्षा निकायले इमान्दारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गर्ने प्रतिबद्धता जाहेर भएको जानकारी दिए ।

## कूल गार्हस्थ्य उत्पादन
# बागमतीको हिस्सा एक तिहाइ बढी हुने अनुमान

**काठमाडौं/मस–** चालु आर्थिक वर्षमा राष्ट्रिय वार्षिक कूल गार्हस्थ्य उत्पादन संघीय राजधानीसमेत रहेको बागमती प्रदेशको हिस्सा एक तिहाइ बढी हुने अनुमान गरिएको छ। सबैभन्दा कम कर्णाली प्रदेशको हुने अनुमान छ । केन्द्रीय तथ्यांक विभागले गरेको आव २०७८/७९ को प्रादेशिक कूल गार्हस्थ्य उत्पादनसम्बन्धी अध्ययनअनुसार कूल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा ३६.९ प्रतिशत हुने अनुमान छ ।

गत आवमा राष्ट्रिय तहमा कूल गार्हस्थ्य उत्पादनको ३६.७ प्रतिशत हिस्सा ओगटेको थियो । चालु आवमा राष्ट्रिय वार्षिक कूल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा करिब रु ४८ खर्ब ५२ अर्ब हुने विभागको प्रक्षेपण छ। बागमती प्रदेशको कूल गार्हस्थय उत्पादन उपभोक्ता मूल्यमा करिब रु १७ खर्ब ९१ अर्ब हुने अनुमान गरिएको छ ।

कूल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको हिस्सा ४.१ प्रतिशत छ। कर्णालीको उपभोक्ताको मूल्यमा रु एक खर्ब ९८ अर्बको हाराहारी हुने अनुमान गरिएको छ । चालु आवमा बागमतीपछि कूल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुऱ्याउने प्रदेशमा क्रमशः प्रदेश १, लुम्बिनी, मधेस, गण्डकी र सुदूरपश्चिम




प्रदेश छन् ।

कूल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आवमा राष्ट्रिय तहमा उपभोक्ता मूल्यमा ५.८ प्रतिशत अनुमान गरिएकामा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ६.७ प्रतिशत र मधेस प्रदेशको वृद्धिदर सबैभन्दा कम ४.८ प्रतिशत रहने अनुमान गरिएको छ। संशोधित अनुमानअनुसार गत आवमा बागमती प्रदेशको वृद्धिदर सबैभन्दा बढी ४.६ प्रतिशत र गण्डकी प्रदेशमा सबैभन्दा म ३.७ प्रतिशत रहेको थियो ।

औद्योगिक वर्गीकरणअनुसार गत आव र चालु आवमा बागमती प्रदेशबाहेक सबै प्रदेशमा कृषि क्षेत्रको योगदान हिस्सा सबैभन्दा बढी छ ।

बागमती प्रदेशमा थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान बढी देखिन्छ। प्रदेशमा बढ्दो शहरीकरण, बढी जनसंख्या तथा राष्ट्रिय तहका ठूला व्यापारिक कारोबारका कारण व्यापार क्षेत्रको योगदान बढी देखिएको विभागले जनाएको छ ।

राष्ट्रिय तहमा दोस्रो हिस्सा ओगटेको व्यापार क्षेत्र प्रदेश १, मधेस र लुम्बिनी प्रदेशमा दोस्रो हिस्सामा कायमै छ । बागमती प्रदेशमा घरजग्गासम्बन्धी कारोबार तथा आफ्नै आवास सेवाको हिस्सा दोस्रो छ । गण्डकी, कर्णाली, सुदूरपश्चिममा सार्वजनिक प्रशासन, सुरक्षा क्षेत्रको योगदान दोस्रो देखिन्छ । बागमती र मधेसबाहेक सबै प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा प्रशासनिक सहयोगी सेवा क्रियाकलापको योगदान सबैभन्दा न्यून देखिन्छ ।

चालु आवको नौ महिनासम्मका आर्थिक क्षेत्रसँग सम्बन्धित आँकडा तथा सूचनाका आधारमा अनुमानित तथ्यांक सार्वजनिक गरिएको विभागले जनाएको छ ।

**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०१/२३**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ३९७.९५ क्युफिट र साल दाउरा ०.६० चट्टा विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**मिलनशील सामुदायिक वन उपभोक्ता समूह, घिरिङ – १, तनहुँ**

**Karnali Provincial Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office
**Dailekh, Nepal**

## Invitation for Online Bids (NCB)

**IFB No: 04-078/079**
**Date of First Publication: 2079/01/23 (6th May, 2022)**

1. **Infrastructure Development Office (IDO), Dailekh** invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract ID No/Description of Work | Average annual Construction Turnover of best 3 years within the last 10 years(Nrs.) | Bid Security Amount (NRs.) | Bid and Bid Security Validity Period | Non Refundable Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | **IDO/Dailekh/W/NCB/41/078/079** Construction of Narayan Nagarpalika Ringroad | 62.3 Millionss | 33,50,000 | 120 and 150 days from the bid opening date respectively | **10000** |
| 2 | **IDO/Dailekh/W/NCB/42/078/079** Construction of Tarraghat Kharigaira Gaidabaz Raniban Takuri Khasikadh Road | 88 Millions | 47,00,000 | | **10000** |
| 3 | **IDO/Dailekh/W/NCB/43/078/079** Construction of Shreesthan Dadimadi Chamunda Rakam Road | 74 Millions | 40,00,000 | | **10000** |
| 4 | **IDO/Dailekh/W/NCB/44/078/079** Construction of Channa Okharbas Unpata Road | 75 Millions | 40,50,000 | | **10000** |
| 5 | **IDO/Dailekh/W/NCB/45/078/079** Construction of Kopchi Katti Bestada Ruma Chauratha Deuli Dailekh Road | 155 Millions | 83,00,000 | | **20000** |
| 6 | **IDO/Dailekh/W/NCB/46/078/079** Construction of Santada Meheltoli Patihalna Jajarkot Road (Sahid Mayaram Marga ) | `128 Millions | 69,00,000 | | **20000** |

2. Bidder shall have the option of submitting their bids electronically only and submission of hard copy bids shall not be entertained.
3. Eligible Bidders may refer complete set of Bid document for further information at Infrastructure Development Office, Dailekh Telephone No: 089-420153 Or may visit PPMO website www.bolpatra.gov.np./egp.
4. Eligible Bidders submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document and bid security in the account as specified below and the scanned copy (pdf. format) of the Bank deposit voucher and bid security shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in bank is as follow respectively:

   **Name of Office : Infrastructure Development Office, Dailekh**
   **Name of the Bank : Rastriya Banijjya Bank, Dailekh Branch.**
   **Rajaswa (Revenue) Account Number : 100010020101006** **Dharauti Account Number: 4010100202030000**
   **Rajaswa Shirshak (Revenue) Number : 14229** **Office Code Number: 3370167016**
5. Pre-bid meeting shall be held at Infrastructure Development Office, Dailekh, at **12:00 hours on dated 2079/02/11 (25th May, 2022)**
6. Electronic bids must be submitted to the Infrastructure Development Office, Dailekh, electronically through PPMO website www.bolpatra.gov.np./egp. **on or before 12:00 hours on dated 2079/02/22, (5th June, 2022) .**Bids received after this deadline will be rejected.
7. The bids will be opened electronically at **13:00 hours on dated 2079/02/22, (5th June, 2022)** in the presence of the bidders' representatives who choose to attend in Infrastructure Development Office, Dailekh. Non-attendance of any or all of the bidders' representatives shall not hinder the opening of the Bids.
8. In the case of discrepancies or error in bidding document, tender notice or any other document, the Office of the Infrastructure Development Office, Dailekh reserves the right to amend and correct at any time. If any amendments which will be posted in the notice board of Infrastructure Development Office, Dailekh Or may visit PPMO's Website www.bolpatra.gov.np./egp.
9. If the last date of pre-bid meeting, purchasing and submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer (Infrastructure Development Office, Dailekh) reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The bidders are strongly advised to visit the site before bidding.
12. Any matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (including amendment) and other prevailing rules and regulations of GoN.

**Acting Office Chief**

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

## डडेल्धुरा अस्पताल
**डडेल्धुरा**

## सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

**(पहिलो पटक सूचना प्रकाशन मिति : २०७९/०१/२३)**

आ.व. ०७८/७९ मा यस डडेल्धुरा अस्पताल, डडेल्धुराले ER Lab Equipments खरीद गर्नुपर्ने भएकोले, नेपाल सरकारबाट ईजाजत प्राप्त सम्बन्धित कम्पनी, फर्म तथा सप्लायर्सहरुले E-Bid (Sealed Quotation) गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचनाको बिस्तृत विवरण तथा शर्तहरु www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**मेडिकल सुपरिन्टेन्डेन्ट**

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY






तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM VICTORIA INTERNATIONAL

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
२३ वैशाख २०७९, शुक्रबार
6 May 2022, Friday

## सम्पादकीय

## 'अ'लोकतान्त्रिक अभ्यास

सत्ता साझेदार दलका शीर्ष नेताहरू बिहीबार चितवनको भरतपुर पुगे । स्थानीय चुनाव केन्द्रीत अभियानका क्रममा प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, वरिष्ठ नेता रामचन्द्र पौडेल, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायत भरतपुर पुगेका थिए । एउटै मञ्चमा उभिएर देउवा, प्रचण्ड, नेपाल र पौडेलले भरतपुरको मेयरमा रेनु दाहाललाई भोट मागे । देउवाले रेनुलाई भोट हाल्न मञ्चबाटै कार्यकर्तालाई निर्देशन दिए । पौडेलले अहिले माओवादी केन्द्र नभएर नेकपा एमालेसँग कांग्रेसको प्रतिशपर्धा रहेको निष्कर्ष सुनाए । माधव नेपालले त रेनु दाहालकै बचाऊमा बोले । योग्यता भए नेता पुत्री भनिरहन आवश्यक नपर्ने बताएका थिए ।

अन्यत्र साझा सभा हुन नसकिरहेका बेला बिहीबार भरतपुरमा गठबन्धनको साझा सभा भएको हो । त्यसको पहलकदमी स्वयम् प्रचण्डले लिएका थिए । साझा सभाबाट प्रचण्डले रेनुले चुनाव नजिते मुलुक दुर्घटनामा जाने बताए । उनको यो अभिव्यक्तिलाई नेताहरूले धम्कीका रूपमा अर्थ्याएका छन् । किनकि एउटा महानगरको चुनावको परिणामकै कारण मुलुकको कोर्स परिवर्तन हुने हुन्न । त्यस्तो हुन्छ भन्ने निष्कर्षले आवधिक चुनाव नै गलत हो भन्ने पुष्टि हुन्छ । तर प्रचण्डको अभिव्यक्तिलाई नै लिएर लोकतान्त्रि अभ्यास संकटमा परेको निष्कर्ष निकाल्न पनि हुन्न । किनकि चुनावी प्रतिशपर्धा चलिरहँदा एकअर्का दलविरूद्ध चर्को भाषण गर्न स्वभाविक हो ।

तर भरतपुर महानगरपालिकामा जस्तो प्रयत्न भइरहेको छ, त्यसलाई भने स्वभाविक रूपमा लिन सकिन्न । भरतपुरमा प्रचण्ड पुत्री समेत रहेकी रेनुलाई जिताउन लगभग पूरापुर सत्ता र शक्तिकै खर्च गरिएको छ । अघिल्लो पटक पनि कांग्रेसले रेनुलाई समर्थन गरेकी थिइन् । तर मतगणनाका क्रममा मतपत्र च्यातिएकाले विवादित बन्न पुगेको थियो । यसपटक पनि फेरि कांग्रेस सहितको समर्थनमा रेनुलाई जिताउने प्रयत्न भएको छ । तर कांग्रेसभित्र असन्तुष्टि चर्को छ । त्यही असन्तुष्टिकै कारण कांग्रेसका जगनाथ पौडेलले मेयरमा उम्मेद्वारी दिएका छन् । उनको उम्मेद्वारी फिर्ता गराउन गृहमन्त्री बालकृष्ण खाँण भरतपुर पुगेर केही दिन बिताएका थिए । तर पौडेलले उम्मेद्वारी फिर्ता लिएनन् । यसपछि पनि जबर्जस्त दबाव रोकिएको छैन । यसले प्रधानमन्त्री शेरबहादुर देउवाकै लोकतान्त्रिक निष्ठाप्रति प्रश्न उठ्न पुगेको छ भने मतदाताको सार्वभौम अधिकार खण्डित गर्ने दुस्प्रयास भएको छ ।

# नेतालाई चुनाव, जनतालाई अस्थिरताको चिन्ता

*अदालतलाई अदालतकै पोजिसनमा बस्न किन नदिएको ? गर्भनरलाई खेतालो जस्तो किन बनाएको ? आफ्नै मात्र अनुकूल हुने गरी प्रहरीलाई किन चलाएको ? के प्रहरी, सेना पनि दलकै दास हुनु पर्ने हो र ? शिक्षक, प्राध्यापक किन उस्तै बनाएको ?*


अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

चुनावको पूर्व सन्ध्यामा आफ्ना प्रतिनिधिहरू आफ्नै हातले छान्न पाउँदा खुसी हुनु पर्ने थियो मतदाताहरू तर, अफसोच आम जनताको अनुहार मलिन छ अहिले । खुसी छैन मन, टीठ् लाग्दो छ मुहार । विगत एक महिनादेखि भान्सामा ग्याँसका रित्ता सिलिण्डरहरू छन् । पैसा तिर्छु भन्दा ग्याँस पाइएको छैन । विचौलियाहरूले आफ्ना नातागोता, चिनेकालाई ग्याँस आपूर्ति गराएका छन । पालो बसेको ७ दिनमा पनि आयो, तर सकियो भन्ने गरेका छन् अरूलाई । आपूर्ति प्रणालीको यो क्षण सधैंको समस्या हो । धारामा पानी छैन, १२ सयको विल, अनि जार र टैंकरबाट पानी लिनु पर्ने अवस्था । फोहोरको डंगुर थुप्रिएको छ, महिनामै ठ्याक्कै पैसा उठाइन्छ, फोहोर उठाइन्न । दशा देशको कि देशबासीको ? नेतृत्वको काम के हो ? तीन तहको सरकार अभिभावकको काम के हो ?

जीवनस्तर कति उठ्यो ? सुविधा के प्राप्ति भयो ? महँगी कति घट्यो वा उस्तै रह्यो ? शिक्षा अनि स्वास्थ्य र रोजगारीको अवस्था के छ ? विदेशमा भाँडा माझ्न जानु परेको छ छैन ? मृत लासलाई आर्यघाटमा बाकसमा हालेर कति ल्याइयो दिनमा ? उद्योग कलकारखाना कति खुले देशमा ? इमान्दारिता र नैतिकताको कसी के हो ? कसले पहिले पालन गर्नुपर्ने हो ? कृषिक्षेत्रमा रासायनिक मल समयमा वितरण भयो भएन ? बीउ बीजन र सिँचाइ सुविधामा के प्रगति भयो ? प्राकृतिक प्रकोप वा दूर्घटनाबाट ज्यान जोखिम भयो भएन ? सामाजिक सुरक्षा केवल संविधानमा मात्र भयो कि, सानाले न्याय निसाफ पायो कि पाएन ? हत्या, हिँसा र बलात्कारको घटनामा कति कमी भयो ? मुद्रास्फीति दर के छ ? आयातको तुलनामा निर्यात कति गर्न सकियो या आफूलाई आवश्यक सामान आफैंले उत्पादन गर्नुपर्छ कि नेतृत्वले सोच्ने विषय हो ? तर नेतृत्वलाई यी कुरामा भन्दा बढी चासो पद मिलान भागबण्डा, आफ्नै मान्छेको टिकाउ, नाता कुटुम्बको पोषणभन्दा बढी के गरेको छ देशमा ?



मेलम्चीको नाममा कति पटक के भनियो जनतालाई ? प्रदूषण नियन्त्रणका नाममा कति पैसा उठाइयो ? सवारी यातायातको हालत के छ ? सवारी दूर्घटनामा कति कमी आयो ? पर्यटन क्षेत्र कसले उठाउने ? देशमा उत्पादन वृद्धि कसले गर्ने र कति गर्दा उपयुक्त हुन्छ यावत् प्रश्नहरूका विषयमा गम्भीर बहस भएकै सुनिदैन । सुनिन्छ केवल सधैं भागबण्डामा सहमति नजिक पुगियो, आफ्नै निष्ठा र सिद्धान्तमा दलहरू किन बस्न सक्दैनन् र एउटाले अर्काको बाकस भरि दिनुपर्ने किन ? हार्ने र राष्ट्रिय सभामा ल्याउने, गुन तिर्न मन्त्री र राजदूत बनाइदिने, के सार्वजनिक पद दलको पेवा हो ? लोकतन्त्रमा एक दिन होइन मतदाता एकछिन पनि बेखुसी हुनुहुन्न । छोरी मेयर हुँदा लोकतन्त्र सुनौलो हुने हो ? त्यसकै लागि हो लोकतन्त्र ल्याएको, संस्था प्रमुखलाई अदालत पठाएर उसैसँग सँगै काम कसरी गर्ने नि ? व्यक्तिगत कुरा नमिल्दैमा सार्वजनिक कुरामा तन्काइनु हुन्छ र, संस्था धराशायी हुन्न यसतो बेला ? प्रशासनिक अनुभव भएकाले गर्ने काम यस्तै हो र, विदेश शयर गर्दा सिकेर आएको पाठ यही हो र, कतिवटा सिट पाए खुसी हुने ? एकैपल्ट ४० कजार बढीलाई मन्त्री बनाउँदा हुने हो भने बनाउँ एकपल्ट के हुँदो रहेछ, नत्र यति सानो देशमा यति धेरै पद आवश्यक छ र ?

सार्वजनिक सेवा प्रवाह त भएका छैनन् राम्ररी । सेवा प्रवाह गर्ने स्थलमा भीड कम छैन, पासपोर्टमा लाइन, मालपोतमा लाइन, यातायात, भूमिसुधार विद्युत्, खानेपानी, के मा छैन लाइन, निःशुल्क सेवा कतै भएको छ कि ? कति हजारको दरले करको मात्रा वृद्धि गराइयो, अनि तिनै गरिवको पसिनाले हेलिकप्टर, प्राडो र पजेरो चढिएन ? आन्तरिक रकम केमा खर्च गर्ने, बाह्य ऋण एवम् अनुदान के मा खर्च गर्ने भिन्नता छ कि ? सवारी साधन र विलासितामा खर्च भएन र, विकास खर्च किन भएन देशमा ? असारे विकासलाई मात्रै किन प्राथमिकता ? तोकिएअनुसारको

*चुनावको पूर्व सन्ध्यामा आफ्ना प्रतिनिधिहरू आफ्नै हातले छान्न पाउँदा खुसी हुनु पर्ने थियो मतदाताहरू तर, अफसोच आम जनताको अनुहार मलिन छ अहिले । खुसी छैन मन, टीठ् लाग्दो छ मुहार । विगत एक महिनादेखि भान्सामा ग्याँसका रित्ता सिलिण्डरहरू छन् । पैसा तिर्छु भन्दा ग्याँस पाइएको छैन । विचौलियाहरूले आफ्ना नातागोता, चिनेकालाई ग्याँस आपूर्ति गराएका छन ।*

बजेट खर्च नभई किन मध्यावधिपछि घटाइन्छ बजेट ? त्यो पनि एक साल त होइन, सधैं त उस्तै छ ।

लोकतन्त्रमा असंसदीय चरित्र भयो कि ? कति पटक संसद कोमामा गयो ? यहीं धेरै बेरूजु किन छ ? कृषि प्रधान देशमा हात मुख जोर्ने सबै सामान किन विदेशबाट ? दलको काममा लगाइयो कि जनतालाई कृषि काममा ? शिक्षक, प्राध्यापकदेखि कर्मचारी, प्रहरी सेना, राजदूत सबै दलकै कोटामा गएनन् र ? जुन दलकाले जहाँ पनि भोट हाल्नु पर्ने भएपछि देशमा बहुदलीय प्रणाली छ कि निर्दलीय, के हो एजेण्डा र के हो सैद्धान्तिक विचार ? यदि यसो हो भने विदेशी माओ, लेनिनका फोटाहरू किन चाहियो नि ? अलग पार्टी कार्यालय, झण्डा, कार्यकर्ता, चिह्न किन चाहियो । नीति नभएको पनि राजनीति हुन्छ संसारमा ? भन्ने हो भने बामपन्थी नै वैभवशाली छन् देशमा, सर्वाहाराको कुरा किन ? गरिबीको कुरा किन ? के माओले आलिशान महल, दर्जनौं सुरक्षाको ताँती, आफ्नै मान्छेको भर्तीकेन्द्र भनेका हुन् र, आफूलाई मात्र आएको समाजवादको के अर्थ रहन्छ ? भोका र निमुखाले खानै नपाउने, बजार असहज छ त, चिजवीज त केही छोइसक्नु छैन, दैनिक कामकाज पनि पाइँदैन आयका लागि । दल नहुँदा निरंकुश भनियो, अहिले निरंकुशता छैन ? यता देश धर्म निरपेक्ष भन्ने, पारि गएर धार्मिक संस्थाको मेजमानी खाने, पार्टी कार्यालय गएर हो र ? दलको प्रतिनिधि भएर गएको कि देशको ? देशको प्रतिनिधि भएर विदेश जाँदा एयरपोर्टमा लिन छोड्न कस्तो तहको मान्छे आउनु पर्ने, देशको शिर झुकेन त ? यो देश अरू देशभन्दा जेठो हो, कोही जन्मेकै थिएनन् यो जन्मदा, कसले जन्मायो यो देश? छ इतिहास कतै ? कुन दिन सम्झनु पर्ने कुनै दिवस पनि त होला, या एक दिन कतै शालिकमा माल्यार्पण मात्रै ? खोज अनुसन्धान जरूरी छैन र ।

विगत ३२ वर्षमा कति उद्योग खुले वा कतिले रोजगारी पाए ? उत्पादन कति वृद्धि भयो वा राष्ट्रिय गौरवका आयोजना समयमै कति पूरा भए र एउटै लागतमा र तिनले कति सेवा वा के दिए मूल्यांकन गर्नुपर्ने होइन र ? कति वटा सरकार बने, कति जनाको ओहदाको लर्को लाग्यो ? भूतपूर्व कति भए तिनले कति के सुविधा उपभोग गरिरहेका छन् वा मरेपछि संस्था खोलेर कति रकम राष्ट्रियरूपमा बगिरहेको छ ? विदेश उपचारमा कति कसले खर्च गरेको छ, कतिवटा गाडी थोत्रा पारियो वा थन्क्याइयो वा आसेपासेहरू कतिलाई ती लगायत आबास सुविधा दिलाइयो लोकतन्त्रमा तिनको लेखाजोखा नहुने हो ? जन्मदै एउटा नेपालीको थाप्लोमा ६० हजारको ऋणभार कसले तिर्ने ? कसरी ? लोकतन्त्रको आदर्श पारदर्शिता, समन्याय, जवाफदेहिता, अनुशासन र सुशासन अनि पारदर्शिता र मितव्ययिता, जिम्मेवारीपन कता हरायो ? चीनका राष्ट्रपति यहाँ आएर के भनेर गएका थिए अनि मोदी आएर संसदमा ऋषि मन भनेको बिर्सियो ? छोरी, बुहारी, श्रीमती, जुवाइँ, जेठान, साला, सालीले पद नपाउना साथ लोकतन्त्र खतरामा हुने हो ? देश विकासमा कहिले बहस भयो? उद्घाटन र शिलान्यासले देश समृद्ध हुने हो र ? एउटै प्रोजेक्टलाई कतिपटक उद्घाटन भयो, चुनावताका मेलम्ची झस्कने फेरि उस्तै हुने हो र ? कति सढक बने देशमा कि उही खाल्डाखुल्डी छोपछाप मात्रै गरिए, कति पुल बने, कति तुरून्तै भाँचिए ? किन विदेश नगई यहाँ हातमुख जोर्न नसकेको, आएको विप्रेषण रकम के मा खर्च भयो, विलासितामा वा अन्य अनुत्पादक क्षेत्रमा केलाएर हेरियो र ? बैंकमा किन पैसा छैन, सन्चित विदेशी मुद्रामा किन क्षयीकरण भयो ? किन व्यापारघाटा चुलियो, किन देशले औसत दुई प्रतिशत आर्थिक वृद्धिदर नघाउन सकेन, किन दुई डिजिटको आँकलन गरेको ? असंभव सपना किन बाँडेको मोनो अनि मेट्रो रेलको, घरघरमै ग्याँस पाइप लाइन ? किन दिल्लीमा पानी, बत्ति फ्री हुन्छ, सुनिदैछ पन्जावमा पनि यस्तै हुने रे कसरी भयो होला ? सञ्चित गर्ने कि उडाउने? माटोको माया कसले गर्ने, देशको सिमानामा किन चूप ?

अदाललाई अदालतकै पोजिसनमा बस्न किन नदिएको ? गर्भनरलाई खेतालो जस्तो किन बनाएको ? आफ्नै मात्र अनुकूल हुने गरी प्रहरीलाई किन चलाएको ? के प्रहरी, सेना पनि दलकै दास हुनु पर्ने हो र ? शिक्षक, प्राध्यापक किन उस्तै बनाएको ? स्थायी सरकार भनिने कर्मचारीलाई दलको खेताला किन बनाएको, के भारतमा पनि यस्तो प्रथा छ र ? राजनीति उद्योग व्यापार हो र सेवा होइन र ? सेवा गर्नेले आफूलाई सेवक ठान्ने कि माष्टर ? रूल अफ ल भनेको के हो ? सन्कीको भरमा जेलेन्स्कीले देश डुबाउँदैछन्, बेहिसावसँग निहत्था मानिस मर्दैछन्, टर्कीको इतिहास के छ, पाकिस्तानमा कतिपल्ट लोकतन्त्र खोसिएको छ, श्रीलंकासँग औषधि किन्ने क्षमता किन भएन, अफगानिस्तानको हालत के छ ? सिरियाको अनुहार कस्तो छ ? केही अन्तर्राष्ट्रिय परिवेश पनि हेर्ने बेला भयो कि ? चुनाव जितेर गएपछि के हुन्छ देशमा ?

## सामाजिक सञ्जाल



\- सुशिल न्यौपाने

हुँडारको पर्यायवाची शब्द गठबन्धन हो । जगन्नाथ पौडेलमाथि धावा बोल्न भरतपूर पुगेको हुद्दाले त्यही संकेत गर्छ । विचारको राजनीतिलाई पर पन्छाएर शेरबहादुरले अंगालेको हुँडार नीतिले बिपीले स्थापना गरेको कांग्रेस अब रहेन ।



\- डम्मर खतिवडा

मान्छेहरू किताबमा लेखिएको सिद्धान्त ठीक कि बेठीक भनेर बहस गर्छन्, खासमा बुझ्नु पर्ने कुरा त्यो सिद्धान्त व्यवहारमा लागू गर्दा परिणाम के देखियो भन्ने नै हो । व्यवहारको कसीमा साम्यवाद विश्वभरि र नेपालमा पनि असफल विचारधारा हो भन्ने स्वीकार गर्न मलाई चाहिँ कुनै हिचकिचाहट छैन ।



\- मधुकर उपाध्याय

भन्ने घरदैलो तर, अनेक गल्ली र कुनाकाप्चामा समेत भएका सबै दैलोमा पुग्न न उम्मेदवारको समयले भ्याँउछ न व्यवहारिकनै । बरू भोट माग्ने भ्रमण भन्दा हुन्छ, अनि दैलो दैलो पुग्न परेन । बाट्बाटै हिँडे भयो ।



\- प्रेम घर्ती मगर

हिजो नेकपा एमालेसँग गठबन्धन हुँदा पुष्पकमल दाहाल 'प्रचण्ड'ले अब नेपाली कांग्रेसलाई ४०/५० वर्षलाई बिदा गरियो भन्थे । अहिले कांग्रेससँग मिलेर गठबन्धनलाई १५/२० वर्ष टिकाउने प्रतिबद्धता गर्दै छन् । यसले, प्रचण्ड आफ्नो स्वार्थको लागि हदैसम्म गिर्न तयार हुन्छन् भन्ने देखाउँछ ।



\- किशोर नेपाल

स्थानीय चुनावमा उम्मेदवारहरू बीचको झगडा निकै तगडा हुन्छ होला । बजेटको ब्याग स्थानीय तहका पदाधिकारीहरूको हातमा हुने हुनाले सबै उम्मेदवार चुनाव जित्न जमजमाएका छन् । स्थानीय चुनाव महँगो हुनु भनेको भ्रष्टाचार प्रभावशाली हुनु हो ।

# कम्युनिष्ट आन्दोलनभित्रको द्विविधा

विचार



● घनश्याम भुसाल

आज मुलुकमा सबैभन्दा ठूलो, तेश्रो, चौथो, सातौं र आठौं पार्टी सबै कम्युनिष्ट पार्टीहरू हुन् । ती सबैलाई एकै ठाउँमा राखेर कल्पना गर्दा एउटा विशाल कम्युनिष्ट पार्टी बन्छ । स्थानीय तहको चुनावको छिनाझपटी र गाली–गलौजपूर्ण चहलपहलभन्दा माथि उठेर पुष्पलाल श्रेष्ठको आँखाले समाजको वर्ग विश्लेषण गरेझैं त्यस पार्टीको प्रवृत्ति विश्लेषण गर्ने हो भने हामी केही भिन्न पाउँछौं ।

### पद र पैसाका खोजीकर्ताको बाहुल्य

पद र पैसाका पेशेवर खोजीकर्ता अहिले कम्युनिष्ट पार्टीहरूमा एउटा कित्ता नै बनेको छ । यो पार्टीले राज्य शक्तिको अभ्यास गर्न थालेपछि पुराना पार्टीबाट क्रमशः अवसरवादीहरू यतातिर बसाईं सर्न थालेका छन् । अब त संख्या ठूलै भएको छ र वंशजकै रूपमा नयाँ खाइलाग्दा नौजवान सदस्यहरू पनि थपिँदैछ । आज कम्युनिष्ट पार्टी एउटा शक्ति भैसकेको छ ।

कामले त कैयन् मुद्दामा कम्युनिष्ट निर्णायक छ तर, पार्टीको नामको कारणले औपचारिक पहिचान भने अझै कमजोर नै छ । कम्युनिष्ट आफ्नो उद्देश्यमा सबैभन्दा स्पष्ट छ, जहिलेसम्म यो पार्टीले राज्यशक्तिको अभ्यास गर्छ, त्यस दिनसम्म धेरै मानिसहरू यसमा आवद्ध हुनेछन् ।

### क्रान्तिकारी चिन्तकहरूको बाहुल्य

कम्युनिष्ट पार्टी निर्माण गर्न समर्पित भएर लागेका, सत्ताको दमनमा संयोगले बाँचेका तर, आफ्नो बुद्धिको करामतले समाज, राज्य र पार्टीमा चुनौतिहीन हैसियत बनाएका केही आज पार्टीको निर्णायक कित्ता बनेका छन् । क्रान्तिमा लागेर हुर्के र आधुनिक राज्य, पार्टी र समाज कसरी चल्छ भन्ने सबै कुरा कम्युनिष्ट सदस्यहरूलाई थाहा छ । कम्युनिष्टहरूको सबैभन्दा ठूलो सामर्थ्य के हो भने पार्टी के हो ? क्रान्ति के हो ? मार्क्सवाद, लेनिनवाद, माओवाद, जनताको बहुदलीय जनवाद, एक्काइसौं शताब्दीको जनवाद, समाजवादजस्ता पारिभाषिक शब्दाबलीको व्याख्या कसरी गर्नुपर्छ ? सबै थाहा छ ।

**काठमाडौं/एजेन्सी –** टर्कीको आधिकारिक मुद्रास्फीति दर अप्रिलमा लगभग ७० प्रतिशतमा पुगेको राष्ट्रिय तथ्यांक एजेन्सीले बिहीबार सार्वजनिक गरेको छ। मुद्रास्फीति दरले राष्ट्रपति रेसेप तैयप एर्डोगनको सरकारलाई ठूलो चुनौती खडा गरेको छ।

उपभोक्ता मूल्य सूचकांक अप्रिलमा वर्षको तुलनामा ६९ दशमलब ९७ प्रतिशतले बढेको आधिकारिक तथ्यांक अनुसार मार्चमा ६१ दशमलब १४ प्रतिशतले बढेको छ।

## अमेरिकी विदेशमन्त्रीलाई कोरोना संक्रमण



**काठमाडौं/एजेन्सी –** अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिंकेनलाई कोरोना संक्रमण पुष्टि भएको छ। बुधबार उनलाई कोरोना संक्रमण पुष्टि भएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। अमेरिकी विदेश मन्त्रालयले बुधबार जनाएअनुसार उनले कोरोना भाइरस विरुद्धका सबै मात्रा खोपहरु लिइसकेकोले उनलाई कुनै अप्ठेरो समस्या भने नदेखिएको अधिकारीहरुले जनाएका छन्।

अमेरिकाको सेन्ट्रल फर डिजीज कन्ट्रोल एण्ड प्रिभेन्सनको नियमअनुसार हाल आइसोलेसनमा रहेको विदेश मन्त्रालयले जनाएको छ। अमेरिकी विदेश मन्त्रालयले विदेश मन्त्री ब्लिंकेनले हाल कुनै पनि अप्ठेरो महसुश नगरेको र घरबाटै काम गर्नेगरी तयारी गरेको पनि जनाएको छ।


## UAE मा रोजगार | कम्पनी: AL AHLIYA SKY ON DEMAND LABORS SUPPLY
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०१/२२ | चलानी नं.: ६०१७८९३६ | LT. No.: 262703

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 30 | स. काममा दक्ष | 1000 | ३३,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ३० र ३१ गते (13 & 14 May 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.**
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu, Tel: 4110567, 9841769830, 9851126004
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com


## Government of Nepal (GoN)
## Madhyabindu Municipality

### Invitation for e-Bids for the Procurement of Sanitary Pad

**Contract Identification No: 03/MBMG/Goods/2078/79**
**Date of publication: 06-05-2022 00:00**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement of Sanitary Pad (IFB No: 03/MBMG/Goods/2078/79). Bidding is open to all eligible Bidders.
2. The Madhyabindu Municipality invites sealed electronic bids from eligible bidders for the procurement of Procurement of Sanitary Pad under Sealed Quotation Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Madhyabindu Municipality Madhyabindu Municipality Office of Municipal Executive, Nawalparasi East Gandaki Province Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 100000.0 NRs which shall be valid for 30 days beyond the validity period of the bid.

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Highway Supervision and Monitoring Office

### Seti Rajmarg (North Sector) Chainpur Taklakot Road Project
Bajhang

### Notice of Intention to Award Contract Bids

**Date of Publication: - 2079/01/23**

Government of Nepal, Ministry of Physical Infrastructure & Transport, Department of Roads, Federal Highway Supervision and Monitoring Office, Seti Rajmarg (North Sector) Chainpur Taklakot Road Project, Bajhang hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our Bid *Notice No* SRNSP/337011694/078/79-03, (published on *Madhyanha Rastriya Dainik* dated 2078/12 /15 ) in accordance with ITB Clause 37 and Public Procurement Act 2063 Clause 27.2, 27.3 and for the purpose of clause 47 of PPA, 2063.

| S.N. | Contract No. | Name and Address of Bidder | Total Bid Amount including PS and VAT (NRs) |
|---|---|---|---|
| 1 | SRNSP/337011694/078/79-12 | Bajarngabali Nirman Sewa, Dhangadhi-05, Kailali | 6,282,278.20 |
| 2 | SRNSP/337011694/078/79-13 | PK Construction, Jaya prithvi NP -03, Bajhang | 8742524.00 |

Acting Project Chief

## पाल्हीनन्दन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।


## साउदीमा रोजगार | कम्पनी: Khaled Saleh Al Hussein Contracting Est
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२३ | चलानी नं.: ६०१६९९५१ | LT. No.: 253305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

## BAHARAIN मा रोजगार | कम्पनी: CIRCLE INTEGRATED SERVICES
शहर: MANAMA

पूर्व स्वीकृत मितिः २०७८/०८/२८ | चलानी नं.: ६०१७०४१३ | LT. No.: 253716

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 22 | 10 | स. काममा दक्ष | 100 | ३२,३५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वाता मेनपावर कार्यालय, कालोपुल, काठमाडौंमा २०७९ बैशाख ३० गते (13 May 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु स"ग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
सामाखुसी, टाउनप्लानिङ्, काठमाडौं फोनः ४३६०५७६, ४३५०७१९
Email: futurestarmp397@gmail.com

## कतारमा रोजगारको अवसर | १. कम्पनी: BAGS AND MORE OUTLET
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०१/२२ | चलानी नं.: ६०१७८९३१ | LT. No.: 262706

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: DRESS FOR LESS OUTLET — शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०१/२२ | चलानी नं.: ६०१७८९३० | LT. No.: 262705

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३३,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ३० गते (13 May 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**टोपाज इण्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५४७/०६२/०६३
मैतिदेवी, काठमाडौं, नेपाल, फोनः ०१-४५१२६५०

# बक्स अफिस समाचार

## ‘कौवा करायो’ सार्वजनिक



**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ वैशाख

उत्कृष्ट सिर्जना मार्फत नेपाली संगीतमा सक्रिय सर्जक र कलाकार हरुको सहकार्यमा तयार पारिएको ‘कौवा करायो’बोलको म्युजिक भिडियो सार्वजनिक गरिएको छ।

बिहीबार ‘टिका दाहाल म्युजिकमार्फत उक्त भिडियो सार्वजनिक गरिएको हो । ज्योतिषशास्त्रका अनुसार कौवालाई पूर्व सूचना दिने पंक्षीका साथै एक सन्देश वाहकपंक्षी मानिन्छ ।

आजपनि नेपाली समाजमा आँगनको डिलमा कराउने कौवालाई राम्रो वा नराम्रो सन्देश लिएर आउने सन्देश बाहकको रुपमा हेर्ने चलन त्यति पुरानो भैसकेको छैन । यो गीतको शिर्षक हेर्दा लाग्छ यो गीत निकै पुरानो थिमको गीत हो । हुन पनि हो, यो गीत हाम्रा हजुर आमाहरुको पालाको गीत नै हो । कुनै बेला नेपाली समाज आजको जस्तो अवस्थामा पक्कै थिएन । एक व्यक्तिले अर्कोलाई सन्देश पठाउन चिठी लेख्नुपर्ने हुन्थ्यो । गाउँमा एकाध मानिसहरु मात्रै चिठी लेख्न सहयोग गर्थे ।

‘कौवा करायो’बोलको यस गीतमा युवा पुस्ताकी प्रतिभा शाली गायिका सुरक्षा सेन्चुरीको सुमधुर स्वर रहेको छ ।

यस गीतलाई चर्चित गीतकार रमेश दाहालले लेखेका हुन् भने अस्ट्रेलियामा रहेका लोकप्रिय संगीतकार टिका दाहालले संगीतबद्ध गरेका हुन् । गीतमा सन्देश परियारको संगीत संयोजन रहेको छ । भिडियोको कथामा विकाश लामिछाने र सन्ध्या बुढा ‘ काउली बुढी’ नवविवाहित दम्पति पात्रका रुपमा देखाइएको छ । नेपाली समाजमा भर्खर बिहे गरेर युवाहरु लाहुरे हुइकिने चलन सामान्य नै हो । नवदुलही छोडेर बाहिर जाने युवामनमा उसको पीडा त छदै छ। यताघरमा बसेर बाटो कुर्ने जीवन संगीनीको पनि आफ्नै प्रकारको मनोवेग हुने गर्छ। एक प्रकारको छटपटी वा पर्खाइको पिडा हुनेगर्छ । विभिन्न प्रकारका कुरा काट्ने र शंका उपशंका गर्नेहरु प्रशस्तै हुन्छन् । यस्तो अवस्थामा आँगनको डिलमा कौवा कराउँदा वा चिठी लिएर आउने हुलाकी देख्दा मनमा आशा वा कुनै अनिष्ट पो परेको खवर आउने हो कि भन्ने त्राशमनमा हुन्छ नै ।

संचारको सुविधान भएको हाम्रो समाजमै केहि वर्ष अघिसम्म निकै गम्भीर प्रकारका खबर वा घटना अनविज्ञ रहने वाखबरै नपाइने हुने गर्थ्यो ।

हजुर आमाले नातिनीलाई आफ्नो समयमाकसरि सन्देशहरु प्राप्त गरिन्थ्यो भन्ने कुरालाई रोचक ढंगबाट भिडियोमा प्रस्तुत गरिएको छ । भिडियोमा बुद्ध थापाको छायांकन र दिनसनशाहको सम्पादन रहेको छ। केशब राजभट्टको परिकल्पना र निर्देशनमा भिडियो तयार पारिएको हो । आफ्नो यो प्रयास दर्शक स्रोतालाई मनपर्ने कुरामा निर्माण टिम आशावादी रहेको छ ।

## ‘नेरुफ’का विजेतालाई अवार्ड वितरण

**काठमाडौं/मस–** गोरखा जिल्लाको लाप्राकमा आयोजना गरिएको ‘नेपाल ग्रामीण चलचित्र महोत्सव’ (नेरुफ) का विजेतालाई अवार्ड वितरण गरिएको छ ।

बिहीबार काठमाडौंमा एक कार्यक्रमकाबीच आयोजक संस्था सेलिब्रेटी नेपालले विभिन्न विधामा उत्कृष्ट हुने फिल्मकर्मीलाई अवार्ड वितरण गरेको हो ।

वैशाख ५ गतेदेखि ७ गतेसम्म भएको महोत्सवमा जुरी टिमले ९ विधामा उत्कृष्ट छनोट गरेको थियो ।

महोत्सवमा फिल्म ‘चिसो आत्मा’बाट सर्वोकृष्ट अभिनेता बनेका प्रविन खतिवडा र फिल्म ‘मौन प्रतिशोध’बाट सर्वोत्कृष्ट अभिनेत्री घोषित भएकी शारदा अधिकारीलाई अवार्ड प्रदान गरिएको छ भने उत्कृष्ट फिचर फिल्मतर्फ ‘टुल्की’ले जितेको अवार्ड निर्माता आरपी कर्माचार्यलाई प्रदान गरिएको छ । त्यस्तै, ‘टुल्की’ले जितेको उत्कृष्ट ‘स्क्रिन प्ले’को अवार्ड फिल्मका लेखक शेखर लामाले ग्रहण गरेका छन् ।

फिल्म ‘टिष्टापारीको साइनो’बाट खिलबहादुर गुरुङ उत्कृष्ट निर्देशक घोषित भए । चलचित्र निर्देशक समाजकी अध्यक्ष रक्षासिंह राणा, महोत्सव आयोजक संस्था सेलिब्रेटी नेपालका अध्यक्ष रघुनाथ सापकोटा, गायक एवं संगीतकार राज सागर, अभिनेता तथा निर्माता गजित विष्ट लगायतले महोत्सवमा उत्कृष्ट हुनेहरुलाई अवार्ड प्रदान गरेका थिए ।

## विवादमा अभिनेता उप्रेती

**काठमाडौं/मस–** अभिनेता रमेश उप्रेती विवादमा तानिएका छन् । बलात्कारको विषयलाई लिएर टिप्पणी गरेपछि उनी विवादमा तानिएका हुन्।

उसो त नेपाली कलाकार बेलाबेलामा बोलीकै बारण विवादमा आउने गरेका छन्। संवेदनशील र गम्भिर विषयमा बिना विचार हल्का टिप्पणी गर्ने उनीहरुको बानीले कला क्षेत्र बदनाम हुने गरेको छ।

यसअघि केही समय अगाडि अभिनेता पल शाहको बचाउमा अभिनेत्री पूजा शर्माले बलात्कारको विषयमा बोल्न नजान्दा विवादमा तानिएकी थिइन्।

उनको चर्को आलोचना मात्र भएन सामाजिक संजालदेखि ट्रोलसम्मको निसानामा परिन् ।



अहिले फेरि अभिनेता रमेश उप्रेती बलात्कारको विषयमा दिएको अभिव्यक्तिले विवाद तानिएका छन्।

उनले एक टेलिभिजन कार्यक्रममा ‘बलात्कार हुने वित्तिकै कराउनु र चिच्याउनु पर्‍यो या भोलिपल्टै पुलिसमा गएर उजुरी दिनुपर्छ । एक वर्षपछि उजुरी दिएर हुँदैन’ भनेर दिएको अभिव्यक्तिले उनी विवादमा तानिएका हुन् ।

उक्त कार्यक्रममा उनले ‘कुरा मिल्दा चमत्कार, नमिल्दा बलात्कार भन्नु राम्रो होइन’ भन्ने तर्क समेत गरेका थिए ।

उनले अदालतको न्यायाधीश बनेर पललाई निर्दोष ठहर गर्न समेत भ्याएका उनले पलको नाबालिगसँगको सम्बन्ध बलात्कार नभएको दाबी समेत गरे ।

उनले पल पीडक नभएको समेत बताएका छन् । उनले पल अहिले पुर्पक्षमा हुनुलाई समयको परीक्षाको रुपमा लिएको बताए ।

उनले भनेका छन् ‘कहिले काहिँ राम्रो मान्छेले पनि परीक्षा दिनुपर्छ ।’ बलात्कार हुने वित्तिकै कराउनु वा चिच्याउनु पर्छ भन्ने रमेशको अभिव्यक्तिपछि उनको सामाजिक संजाल लगायत चौतर्फी चेतनास्तर र मानसिकता प्रश्न उठाइएको छ ।

कतिपयले उनको अभिव्यक्तिलाई पुरातनवादी सोच र पुरुषवादी मानसिकताको असली अनुहार भनेर पनि व्याख्या गरेका छन् ।

अभिनेत्री स्वस्तिमा खड्काले रमेशले दिएको अभिव्यक्तिको भिडियो क्लिप इन्स्टाग्राम स्टोरीमा सेयर गरेकी छन् । उनले यो उनको बोलीलाई नेपालका अधिकांश मानिसहरुको मानसिकता र रवैया भनेकी छन् । यस्तै अर्की अभिनेत्री बेनिशा हमालले पनि ‘के बोलेको’ भन्दै रमेश उप्रेतीलाई प्रश्न गरेकी छन् ।


**रत्ननगर नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

**फोहोरमैला व्यवस्थापन तथा फोहोरमैला शुल्क संकलनका लागि ठेक्का बन्दोबस्ति सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**सूचना नं. RAT/CHITWAN/NCB/REVENUE/01/2078-079**

(प्रथम पटक प्रकाशित सूचना मितिः २०७९/०१/२३

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड मा व्यवस्था भए बमोजिम नगरपालिका क्षेत्रभित्र निर्धारित मापदण्ड र दर बमोजिम आ.व. २०७९।०८० मा फोहोरमैला व्यवस्थापन र फोहोरमैला शुल्क संकलनका लागि सिलबन्दि बोलपत्रद्वारा बढाबढमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मिति २०७९।०१।२३ देखि २०७९।०२।२१ गते सम्म कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर रु ३०००।- अक्षररुपी तीन हजार मात्र (पछि फिर्ता नहुने) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक टाँडी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १८३०१००३०१०१०००३ मा बुझाई वा नगद रसिद काटी बोलपत्र फारम खरिद गर्न ईच्छुक कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र आ.व. २०७७।०७८ को आयकर चुक्ताको प्रमाणको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी रु १० को टिकट टाँसी रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर चितवनमा बोलपत्र खरिदका लागि निवेदन पेश गर्न सक्नेछ ।
२. बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्रप्त अधिकारीको सहि छाप नभएको एउटाको नाममा खरिद गरि अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।
३. मिति २०७९।०२।२२ गते दिनको १२:०० बजे भित्र आफैले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिन दिनको २:०० बजे नियमानुसार कर्मचारी प्रतिनिधी र बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।
४. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको धरौटी रकम दाखिला गरेको सक्कलै भौचर यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक टाँडी शाखामा रहेको धरौटी खाता नं १८३०१००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा क वर्गको बैकबाट जारी भएको बोलपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैक ग्यारेन्टी (विड बण्ड) बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।
५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. कर तथा शुल्क सम्बन्धी दररेट बोलपत्र पुस्तिकामा उल्लेख भए अनुसार हुनेछ ।
७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार बोलपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ
८. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्वीकृत गरिने छैन ।
९. बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पस्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।
१०. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनुपर्नेछ । साथै बोलपत्रदाताले पेश गर्ने सम्पूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने छ ।
११. यस ठेक्कामा अन्य शर्तहरु एवं बन्देजहरु समेत लागू हुनेछन् । सो को जानकारी बोलपत्र पुस्तिकाबाट हेर्न सकिनेछ ।
१२. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । विस्तृत जानकारीका लागि रत्ननगर नगरपालिकाको कार्यालय रत्ननगर, चितवनमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

| सि.नं | सूचना नं | विवरण | न्यूनतम कबोल अंक (मु.अ.कर सहित) | धरौटी रकम | कै. |
|---|---|---|---|---|---|
| १ | RAT/CHITWAN/NCB/ REVENUE/01/2078-079 | फोहोरमैला व्यवस्थापन तथा फोहोरमैला शुल्क संकलनका | १२,००,०००।– | बोलपत्रदाताले कबोल गरेको अंकको ५% | |

**प्रमुख प्रशासकीय अधिकृत**



**Bagmati Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

**Infrastructure Development Office**
**Lalitpur, Nepal**

**Notice for the Letter of Intent**

**Date of Publication: 6th May, 2022 (22nd Baisakha, 2079)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification number as mention below as per the Invitation for Bid published in the national daily newspaper "Himalaya Times" Daily on 11th March, 2022, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| S.N. | Contract Identification No. | Name of project | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including VAT) |
|---|---|---|---|---|
| 1 | IDOLTP/W/NCB/ 130/078-79 | Bishnumati Khola Bridge, Budanilkantha 4, Kathmandu. | Kharidhunga Nirman Sewa Pvt. Ltd., Srijana Nagar Bhaktapur. | 17,991,655.87 |
| 2 | IDOLTP/W/NCB/ 132/2078-79 | Sangla Khola corridorko bhatkeko pul ma motorable pul tokha-3. | Ramjanaki-Suru JV, Kageshwori Manahara, Kathmandu. | 33,108,099.31 |



**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**वीरेन्द्रनगर, सुर्खेत, नेपाल**

**दरभाउ-पत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९/०१/२३ गते)**

यस मन्त्रालय बाट २०७८/१२/३० मितिको मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित सूचनानुसार रीतपुर्बक दर्ता हुन आएका दरभाउ-पत्रहरुको मुल्यांकन हुँदा न्यूनतम् मुल्यांकित र सारभूतरुपमा प्रभावग्राही देखिन आएका निम्न विवरण अनुसारका दरभाउ-पत्रहरु छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन -२०६३ को दफा ४० को उपदफा ५ एवं सार्वजनिक खरिद नियमावली २०६४को नियम ८४ (१०) बमोजिम संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract Identification Number/Work Description | Bidder Name and Address | Bid Price(without VAT and PS ) NRs.) |
|---|---|---|---|
| 1 | 02/078-079/SQ/Works/MOPIUD , Construction and Maintenance of vehicle Parking shed at Secretariat of Province Assembly, Surkhet | Eshika Nirman Sewa Birendranagar -12 Surkhet | 12,94,492.59 |
| 2 | 03/078-079/SQ/Works/MOPIUD , Construction of vehicle shed at Ministry of Physical Infrastructure and Urban Development, Birendranagar, Surkhet | Shree Malika Nirman sewa Latikoili,7-surkhet | 13,49,493.59 |
| 3 | 04/078-079/SQ/Works/MOPIUD , Construction and Maintenance works including roof shed at quarter of secretary of MOPIUD and MOEAP, Birendranagar, Surkhet | Eshika Nirman Sewa Birendranagar -12 Surkhet. | 13,85,652.49 |

**सचिव**

# हेल्प नेपालको चौंथो जित




**काठमाडौं/मस–** हेल्प नेपालले छैटौं संस्करणको एनभीए राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल प्रतियोगितामा पुरुषतर्फ चौंथो जित निकालेको छ। त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा बिहीबार नेपाल पुलिस क्लबलाई सोझो सेटमा पराजित गर्दै चौंथो जित निकालेको हो।

हेल्प नेपालले पुलिसमाथि २५-२३, २५-२३ र २५-२३ को सेटमा जित निकालेको हो । जितसँगै हेल्प नेपालको ११ अंक भएको छ । यस्तै सेनाको १२ अंक भएको छ । यता पुलिसको यो पहिलो हार हो । पुरुषतर्फ नै यसअघि भएको खेलमा गल्कोट स्पोर्ट्स क्लबले ढोरपाटन स्पोर्ट्स क्लबलाई ३-२ को सेटमा हराएको थियो । गलकोटले ढोरपाटनलाई २३-२५, २५-१५, १८-२५, २५-२२, १५-८ ले पराजित गरेको हो । जितसँगै गलकोटको २ अंक भएको छ भने ढोरपाटनको १ अंक भएको छ । लिगमा पुरुषतर्फ ७ टिम र महिलातर्फ ५ टिमको सहभागिता रहेको छ। प्रतियोगिताको विजेताले ६ लाख, उपविजेताले ३ लाख, तेस्रो हुनेले १ लाख ५० हजार र चौंथो स्थान हाँसिल गर्नेले ७५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# रियल म्याड्रिड च्याम्पियन्स लिगको फाइनलमा

**काठमाडौं/एजेन्सी–** स्पेनिस क्लब रियल म्याड्रिड युइएफए च्याम्पियन्स लिगको फाइनलमा प्रवेश गरेको छ । रियल इंग्लिस क्लब म्यानचेस्टर सिटीलाई सेमिफाइनलको दोस्रो लेगमा थपिएको अतिरिक्त समयमा ३-१ को पराजित गर्दै ६-५ को जित निकाल्दै फाइनलमा स्थान सुरक्षित गरेको हो ।

पहिलो लेगमा ३-४ ले पछि रहेको रियल दोस्रो लेगको खेलको अन्त्यतिर ३-५ को स्थितिमा रहँदा च्याम्पियन्स लिगबाट बाहिरिने संघारमा पुगेको थियो ।

तर, इन्ज्युरी समयको अन्त्यतिर ब्राजिली फरवार्ड रोड्रिगोले दुई तथा करिम बेन्जेमाले एक गोल गर्दै सर्वाधिक १३ पटकको च्याम्पियन रियललाई फाइनलको बाटो देखाए। दोस्रो लेगमा सिटीका लागि रियाद महारेजले एक गोल फर्काए ।

सान्टियागो बर्नबेउमा बुधबार राति भएको प्रतिस्पर्धात्मक खेलको



७३औं मिनेटमा रियाद महारेजले गोल गर्दै सिटीलाई दोस्रो लेगमा १-० को अग्रता दिलाए। त्यसपछि जिततर्फ अग्रसर बनेको सिटीविरुद्ध रोड्रिगोलको दुई मिनेटमा अन्तरमा दुई गोल गर्दै रियलको सम्भावना जीवित राखे ।

८८औं मिनेटमा टोनी क्रुसको स्थानमा मैदान छिरेका रोड्रिगोले ९०औं मिनेटमा करिम बेन्जेमाको पासमा गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । लगत्तै रोड्रिगोले नै मार्को एसेन्सियोको पासमा गोल गर्दै खेलमा २-१ को अग्रता लिदा खेल समग्रमा ५-५ गोलको बराबरीमा पुग्यो ।

त्यसपछि अतिरिक्त समयको पाँचौ मिनेटमा कप्तान बेन्जेमाले पेनाल्टीमा गोल गर्दै खेललाई ३-१ को स्थितिमा ल्याए । रुवेन डियासले पेनाल्टी बक्समा फउल गर्न पुगेपछि रेफ्रीले रियललाई पेनाल्टी प्रदान गर्दा यो सिजन च्याम्पियन्स लिगमा सर्वाधिक गोलकर्ता १५ गोल पुऱ्याएका बेन्जेमा चुकेनन् । त्यसपछि लगातार दवा खेपेको घरेलु टोलीलाई त्यो दवाव थेग्दै जित निकाल्दै फाइनलमा पुग्न सफल भयो ।

अब रियलले उपाधिका लासग २९ मे मा इंग्लिस क्लब लिभर पुलको सामना गर्नेछ । लिभर पुलले मंगलबार राति स्पेनिस क्लब भिल्लारियललाई समग्रमा ५-२ ले पराजित गर्दै फाइनलमा पुगिसकेको छ ।

# धनगढी सुपर लिग जेठ ५ गतेबाट




**काठमाडौं/मस–** लिटल फ्लावर स्पोर्ट्स एण्ड इभेन्ट्स प्रालि धनगढीले 'धनगढी सुपर लिग' आयोजना गर्ने भएको छ । धनगढीमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा दिएको जानकारी अनुसार लिग जेठ ५ गतेबाट १३ गतेसम्म चल्लेछ ।

प्रतियोगिता सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयको खेल मैदानमा सञ्चालन हुने लिटल फ्लावर स्पोर्ट्स एन्ड इभेन्ट्स प्रालि काअध्यक्ष रामचन्द्र शाहीले जानकारी दिए । प्रतियोगितामा देशका विभिन्न ६ वटा क्लबहरू बुङगल क्रिकेट क्लब बझाङ, देउखुरी वारियर्स दाङ, धनगढी क्रिकेट एकेडेमी धनगढी कैलाली, महेन्द्रनगर क्रिकेट एकेडेमी महेन्द्रनगर कञ्चनपुर, लिटल फ्लावर क्रिकेट क्लब धनगढी कैलाली र कैलाली जिल्ला क्रिकेट क्लब धनगढी कैलालीको सहभागिता रहने छ ।

टी-ट्वान्टी फर्मेटमा सञ्चालन हुने प्रतियोगिताको विजेताले नगद २ लाख उपविजेताले १ लाख नगद तथा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीले नगद १५ हजार, उत्कृष्ट बलर, ब्याट्सम्यान तथा उदयमान खेलाडीले ७ हजार ५ सय नगद पुरस्कारका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# महाविर र रानीबनले अंक बाँडे

**काठमाडौं/मस–** सहिद स्मारक 'सी' डिभिजन लिगमा लिगमा महाविर र रानीबन अंक बाँडेका छन् । लिग अन्तर्गत बिहीबारको दोस्रो खेलमा महाविर र रानीबनले बराबरी खेल्दै अंक बाँडेका छन् ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सम्पन्न खेलमा यी दुई टोलीले गोलरहित बराबरी खेलेका थिए। खेलको दुवै हाफमा महाविर र रानीबनले गोलका लागि केही राम्रा अवर सिर्जना गरेपनि गोलमा परिणत गर्न सकेनन्। समान अंक बाँडे पछि महाविरले ५ खेलबाट ८



अंक जोडेको छ। समान खेलबाट रानीबनले ७ अंक जोडेको छ।


## Bhajani Municipality
### Office of Municipal Executive
**Bhajani, Kailali**
**SudhurPaschim Province, Nepal**

**Invitation for Bid for Procurement of Supply and Delivery of Sanitary Pads for Bhajani Municipality**

**Date of publication: 6th May,2022**

1. The Bhajani Municipality has allocated funds from GoN towards the cost for the Procurement of Supply and Delivery of Sanitary pads for Bhajani Municipality as per following details . Bidding is open to all eligible Nepalese Bidder.

| Contract ID: | Description of Work | Bid Bond | Estimated Cost (with VAT ) | Price of Tender Documents(NRs.) |
|---|---|---|---|---|
| NCB/BM/GOODS/01/2078/079 | Supply and Delivery of Sanitary Pads for Bhajani Municipality | Nrs 72,000 | Nrs 28,88,000 | 3000 |

2. Bhajani Municipality invites electronic bids from eligible bidders for the Procurement of Supply and Delivery of Sanitary pads for Bhajani Municipality under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhajani Municipality, Bhajani01,Kailali Bhajanimun073@gmail.com,091580201 or may visit PPMO website www.bolpatra.gov.np.
4. Bidder must download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Rastriya Banijya Bank,Bhajani Branch**
   **Name of Office: Bhajani Municipality office**
   **Office Account no.: 41501003010100002( For Bid Document )**
   **Office Account no.: 41501003030000002( For Bid Bond)**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 12pm on 5th June, 2022. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 5th June, 2022, at 1 pm at the office of Bhajani Municipality, Office of Municipal Executive, Kailali. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mention above, which shall be valid for 30 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative officer**



## District Government Attorney Office
**Birendranagar, Surkhet**

**Invitation for Bids**

**Date of publication:- 6th-May, 2022**

**IFB: DGAO/Surkhet/Works/NCB-1/078/079**

1. DGAO Surkhet Invites Following electronic bid from eligible bidders under National Competative Bidding
2. The details of the project is as follows :

| Contract No/ID | Description of Works | Estimated Amount (With out VAT) | Bid Security Amount (Nrs) | Bid document Fee(NRs) | BidValidity /Bid Bond Validity Period | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| DGAO/Surkhet /Works/NCB-1/078/079 | Construction Work of District Government Attorney Office Building Surkhet | - | 13,24,000/- | Nrs 5,000.00 | 90 Days/120 Days after last date of bid submission | 5th-Jun-2022 until 12:00 pm |

3. Eligible Bidders may obtain further information at District Government Attorney Office Birendranagar Surkhet or PPMO's Website www.bolpatra.gov.np/egp

**District Attorney**



## Mahakali Municipality
**Darchula**

**Invitation for Bid**

**Contract Identification No: 22/MMDarchula/NCB/SKRT-2078/79**
**First Date of Publication: 2079/01/16 (29/04/2022)**
**First Revision Date of Publication: 2079/01/23 (06/05/2022)**

Mahakali Municipality, office of municipal executive Darchula invites sealed bid for the construction of Sarsapahi Kendra Ghattebagad River Training work Mahakali-5, Khettebagad Darchula. The estimated amount for the work is **NPR 80,*05,045.00*** (Including PS and VAT).

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/02/16 BS (30/05/2022 AD) at 02:00 PM at the office of Municipal Executive Mahakali Municipality, Darchula. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NPR 2,40,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

## नेप्से परिसूचक निरन्तर ओरालो यात्रामा

**काठमाडौं/मस –** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार पनि दोहोरो अंकले ओरालो लाग्यो । सेयर कारोबार हुने साताको अन्तिम दिन बिहीबार नेप्से परिसूचक ३७ दशमलव ०६ अंकले ओरालो लागेर दुई हजार २ सय ३८ दशमलव ६२ अंकमा ओर्लिएको छ । यस्तै ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ४ दशमलव ३४ अंकले ओरालो लागेर ४ सय ३२ दशमलव ५५ मा सीमित भएको छ । कूल २ सय ३२ कम्पनीको ४६ लाख ७४ हजार ९ सय ४० कित्ता सेयर एक अर्ब ६५ करोड ४५ लाख ६१ हजार ४ सय ७३ बराबरको कारोबार भएको थियो ।

कारोबार भएका कूल १३ उपसमूहको शेयर नै ओरालो लागेको छ । नेप्सेका अनुसार बैंकिङ १६, व्यापार ४९ दशमलव ४९, होटल तथा पर्यटन ५९ दशमलव १३, विकास बैंक ८८ दशमलव ४४, जलविद्युत् ६६ दशमलव ८१, वित्त ४८ दशमलव १९, निर्जीवन बीमा २ सय ६५ दशमलव ४२, उत्पादन ५६ दशमलव २६, अन्य २० दशमलव २८, लघुवित्त ७३ दशमलव ३७, जीवन बीमा २ सय ६० दशमलव १५, सामूहिक लगानी कोष ० दशमलव १३ र लगानी १ दशमलव ६२ अंकले ओरालो लागेको छ ।

बिहीबार कारोबार भएका मध्ये पाँच कम्पनीको मात्रै सेयर मूल्य उकालो लागेको छ भने १ सय ८८ कम्पनीको सेयर भने ओरालो लागेको देखिन्छ । थप कम्पनीको सेयर मूल्यमा कुनै परिवर्तन भएको छैन । बिहीबारको कारोबारका आधारमा बजार पूँजीकरण ३१ खर्ब ८४ अर्ब ७६ करोड ९५ लाख २४ हजार ९ सय ४८ बराबर रहेको छ । कारोबारका आधारमा सूर्य लाइफ इन्स्योरेन्स कम्पनी शीर्षस्थानमा छ ।

## गोल्डस्टारको खरिदमा ‘आइएमई पे’मार्फत भुक्तानी गर्दा विशेष छुट




**काठमाडौं/मस –** आइएमई डिजिटल सोलुसन लिमिटेड अन्तर्गत संचालित ‘आइएमई पे’ र गोल्डस्टारबीच सम्झौता भएको छ । आज राजधानीमा विशेष कार्यक्रमको आयोजना गरी उक्त सम्झौता सम्पन्न गरिएको हो । सम्झौता अनुसार गोल्डस्टार जुत्ताहरूको खरिदमा अब आइएमई पे मार्फत भुक्तानी गर्दा ३० प्रतिशतदेखि ३०० रुपैयाँसम्म छुट पाइने छ । सम्झौता पत्रमा आइएमई पेका सहायक महाप्रबन्धक प्रमोदमानसिँह बस्नेत र गोल्डस्टारका ई-वाणिज्य प्रमुख प्रवेश मिश्राले हस्ताक्षर गरे । यही वैशाख २३ गतेदेखि सुरु हुने यो अफर सिमित समयसम्म मात्र चल्ने बताइएको छ । जसमा गोल्डस्टार जुत्ता गोल्डस्टारको वेबसाइटबाट खरिद गर्दा वेभ चेक आउटमा र गोल्डस्टार जुत्ताका भौतिक आधिकारिक फोरमहरुमा क्यूआरमार्फत भुक्तानी गर्दा ३० प्रतिशतदेखि ३०० रुपैयाँसम्मको छुट पाइन्छ ।

आइएमई पेका सहायक महाप्रबन्धक प्रमोदमानसिँह बस्नेतले ‘आइएमई पे’ र गोल्डस्टारबीचको सम्झौताले हामी निकै उत्साहित भएको बताए । उनले सोही सम्झौताबाट पुरानो प्रयोगकर्ताहरूको साथै नयाँ प्रयोगकर्ताहरूलाई डिजिटल प्रविधि चलाएर गोल्डस्टार जुत्ता खरिद गर्दा छुटको फाइदा उठाउन प्रोत्साहन दिने बताए । यस्तै, गोल्डस्टारका ई-वाणिज्य प्रमुख प्रवेश मिश्राले आइएमई पेसँगको सहकार्य आउँदा दिनहरुमा अझै बढाउँदै लाग्ने कुरामा विश्वस्त रहेको बताए ।



**माछा मार्ने जाल बुन्दै**

*माछा मार्ने जाल बुन्दै संखुवासभाको खाँदबारी नगरपालिका-९, तुम्लिङ्टारका स्थानीयवासी । तस्बिर : भविन कार्की/रासस*

### मार्जिन कारोबार कार्यविधि संशोधन बहस

# ‘संशोधन बिना कार्यान्वयन गर्न सकिँदैन्’

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २२ वैशाख ।

STOCK BROKERS’ ASSOCIATION OF NEPAL (SBAN)
Estd. 2051 B.S./1995 A.D.

स्टक ब्रोकर संघले मार्जिन कारोबार कार्यविधि संशोधन गर्नुपर्ने माग राखेको छ । संघले मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यविधि हालकै अवस्थामा कार्यान्वयन गर्न नसकिने बताएको छ । जसका लागि कार्यविधि संशोधनको माग गर्दै संघले नेप्सेमा सुझाव पठाएको जनाएको छ । मार्जिन कारोबार सुविधा सम्बन्धी कार्यविधि संशोधन गरेर कार्यान्वयनमा आए लगत्तै संघले पुन: संशोधन गर्न माग गरेको छ । वर्तमान कार्यविधिमा संशोधन नगरी कार्यान्वयन प्रकृया अगाडि बढाउन नसकिने भन्दै संघले वैशाख ११ गते नेप्सेमा सुझाव पठाएको संघका अध्यक्ष सन्तोष मैनालीले सञ्चारमाध्यमलाई बताएका छन् । संघले नेप्सेमा पेश गरेको सुझावमार्फत ब्रोकरहरुको खुद सम्पत्तिको मार्जिन कारोबारको सुविधालाई १० गुणा बनाउन माग गरिएको छ । अहिले ब्रोकरहरुले खुद सम्पत्तिको २ गुणसम्म मार्जिन कारोबारको सुविधा प्राप्त गर्ने गरेका छन् । संघले कार्यविधि संशोधनका लागि दिएको सुझावमा ‘क’,‘ख’ र ‘ग’ वर्गका बैंक तथा वित्तीय संस्थासँग ऋण लिइ लगानी गर्न सक्ने व्यवस्था गर्नुपर्ने माग गरेको छ । त्यस्तै संघले धितोपत्रको मूल्यांकन बढीमा ७० प्रतिशतसम्म कायम गर्नुपर्ने माग गरेको छ । मार्जिन कारोबार अन्तर्गत खरिद भएका धितोपत्रहरु कारोबार सम्पन्न भएपछि पुलमा राख्नुपर्ने र सो धितोपत्रमार्फत ऋण लिन पाउनुपर्ने माग संघले गरेको छ ।

सेयर धितो राखेर खरिद गरेको सेयर सुरक्षणका लागि ब्रोकरको अधिनमा हुनुपर्ने र उक्त सेयरलाई बैंकमा धितो राख्न पाउनु पर्ने माग संघले नेप्सेमा बुझाएको सुझावपत्रमार्फत गरेको छ । संघका अध्यक्ष मैनालीले भनेका छन्, ‘सेयर धितोको जति भ्यालुएसन हुन्छ त्यसको ७० प्रतिशत कर्जा दिने हो, ७० मध्ये ५० प्रतिशत बैंक र बाँकी २० प्रतिशत ब्रोकरले हाल्छन्, ‘बाँकी ३० प्रतिशत लगानीकर्ताको हुन्छ ।’ कारोबार राफसाफपछिको सेयर धितो राख्ने सुविधा भएमा इक्विटीको ६/७ गुणासम्म रकम लगानी गर्न सकिने ब्रोकरहरुको बुझाई छ । प्रविधिको विकास गर्दै कार्यान्वयनमा जानुपर्ने र प्रविधिको विकास नगरी एकै पटक धेरै लगानीकर्ता समक्ष पुग्न नसकिने ब्रोकरहरुको धारणा छ ।

## अमेरिकाद्वारा नेपाललाई ७९ अर्ब ७१ करोड अनुदान




काठमाडौं/मस - अमेरिकाले नेपाललाई एमसीसीभन्दा पनि ठूलो आर्थिक सहयोग प्रदान गर्ने भएको छ । बिहीबार अर्थमन्त्रालयमा आयोजित एक कार्यक्रममा अमेरिकी अन्तर्राष्ट्रिय आर्थिक सहयोग नियोग (यूएसएआईडी) का प्रतिनिधिले नेपाललाई ६५९ मिलियन डलर अर्थात् ७९ अर्ब ७१ करोड रुपैयाँ आर्थिक सहयोग अनुदान स्वरुप उपलब्ध गराउने घोषणा गरेका हुन् । अनुदान सहयोगसम्बन्धी सम्झौता पत्रमा युएसएआइडीका निर्देशक सेपिदेह केवंशद र नेपालको तर्फबाट अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका प्रमुख ईश्वरीप्रसाद अर्यालले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार सो आर्थिक सहयोगले नेपालको समग्र आर्थिक सामाजिक स्तरको वृद्धि विकाससँगै प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको जोखिममा रहेका समुदायको प्रतिरोधात्मक क्षमता बढाएर नेपालको दिगो विकासमा सहयोग पुर्याउने लक्ष्य लिएको बताइएको छ । साथै सो सहयोगले मुलुकको गुणस्तरीय शिक्षा एवं स्वास्थ्य प्रणाली, दिगो ऊर्जा र कृषि विकासमा समेत उपयोगीमूलक सुधार ल्याई समग्र नेपालको आर्थिकस्तर नै माथि उठाएर मुलुकलाई विकासशील मुलुकबाट मध्य आयमुलक मुलुकमा स्तरोन्नती गराउने अपेक्षा गरिएको छ । यस परियोजनाको समयावधि पाँच वर्षको हुने सहमतिपत्रमा उल्लेख गरिएको छ ।

## एनएमबि र केयूकेएलबीच महशुल भुक्तानी सम्बन्धी सम्झौता




**काठमाडौं/मस –** एनएमबि बैंकले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) सँग महशुल भुक्तानीसम्बन्धी सम्झौता गरेको छ। यससँगै अब एनएमबि बैंकको ग्राहकहरुले ओम्नि च्यानल एप तथा वेब प्रयोग गरी महशुल बिना कुनै झन्झट तिर्न सक्नेछन् ।

एनएमबि बैंकले दि फिनान्सियल टाईम्स, लण्डनको ‘द ब्यान्कर’ पत्रिकाद्वारा एसियाकै सर्वोत्कृष्ट बैंकको उपाधी ‘बैंक अफ दि इयर एसिया २०२१’ उपाधिबाट सम्मानित भएको बैंक हो । एनएमबि बैंकले २०१७, २०१८, २०२० र २०२१ लागी पनि उक्त पत्रिकाद्वारा चार पटक नेपालकै उत्कृष्ट बैंकको उपाधी ‘बैंक अफ दि इयर नेपाल’ प्राप्त गरि सकेको छ । एनएमबि बैंकले हाल देशभरी २०१ शाखाहरु, १३८ एटिएमहरु र ११ एक्सटेन्सन काउन्टरहरु मार्फतसेवा प्रदान गर्दै आइरहेको छ ।

## हिमालयन जनरल र एभरेष्ट इन्स्योरेन्सबीच मर्जर सम्झौता

**काठमाडौं/मस -** हिमालयन जनरल इन्स्योरेन्स र एभरेष्ट इन्स्योरेन्स एक आपसमा मर्जर जाने भएका छन् । सो प्रयोजनको लागि दुई कम्पनीबीच बैशाख २२ गते एक आपसमा समझदारी पत्र (एमओयू)मा हस्ताक्षर भएको हो । उक्त सम्झौतापत्रमा हिमालयन जनरल इन्स्योरेन्सका अध्यक्ष महेन्द्र कृष्ण श्रेष्ठ र एभरेष्ट इन्स्योरेन्सका अध्यक्ष राजिभ सापकोटाले हस्ताक्षर गरेका हुन् ।

तोकिएको पुँजी पुर्याउनको लागि यी दुई कम्पनीले मर्जको बाटो रोजेका हुन् । बीमा कम्पनीबीच यो पहिलो मर्जर सम्झौता पनि हो । बीमा समितिले निर्जीवन बीमा कम्पनीहरुको चुक्ता पुँजी १ अर्ब रुपैयाँबाट बढाएर साढे २ अर्ब रुपैयाँ पुर्याएको हो । यससँगै अब दुबै कम्पनीको सम्पत्ति तथा दायित्व मूल्याँकन (डीडीए) सकिएपछि सेयर आदन प्रदान अनुपात (स्वाप रेसियो) तय हुने इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत बिजयबहादुर शाहले बताएका छन् ।

हाल हिमालयन जनरलको चुक्ता पुँजी १ अर्ब १७ करोड रुपैयाँ छ । यस्तै, एभरेष्ट इन्स्योरेन्सको चुक्ता पुँजी १ अर्ब २५ करोड रुपैयाँ छ । बीमा समितिले बीमा कम्पनीहरुको पुँजी बढाउने नीतिलाई प्राथमिकता साथ अगाडि बढाएसँगै कम्पनीहरु एक आपसमा मर्जको प्रकृयामा अगाडि बढेका हुन् । समितिले कम्पनीहरुको पुँजी बढाउनको लागि थप लगानी, बोनस सेयर, विदेशी साझेदारी, मर्जर वा प्राप्ति लगायतका विभिन्न विकल्प दिएको छ । सोही नीतिअनुसार कम्पनीहरुले पुँजी वृद्धिको प्रस्ताव समितिमा पेश गरिसकेका छन् ।

## सिद्धार्थको प्लाटिनम प्लस बचत खातामा आकर्षक ब्याजदर




**काठमाडौं/मस -** सिद्धार्थ बैंक लिमिटेडले नववर्ष २०७९ को प्रारम्भको विशेष अवसर पारेर ग्राहक वर्गको चाहनाअनुरूप वार्षिक ८.०३ प्रतिशत ब्याज प्राप्त गर्न सकिने ‘प्लाटिनम प्लस’नामक बचत खाता सञ्चालनमा ल्याएको छ । बचत खातामै आकर्षक प्रतिफलको चाहना गर्ने ग्राहकहरूमाझ यो बचत खाता रोजाइमा पर्ने बैंकले विश्वास लिएको जनाएको छ ।

आकर्षक प्रतिफलका अतिरिक्त प्लाटिनम प्लस खाता खोल्ने ग्राहकहरूले मासिक ब्याज भुक्तानी, प्रायोरिटी बैंकिङ सेवा, लकर सेवा शुल्कमा ५० प्रतिशतको छुट (पहिलो वर्षको लागि), डेबिट कार्ड, मोबाइल बैंकिङ, एसएमएस अलर्ट सेवा, इन्टरनेट बैंकिङ, युएनओ क्रेडिटकार्ड, डिम्याटरमेरो सेयर सी-आस्वा, प्रिपेड युएसडी ईकमकार्ड लगायत सुविधा प्राप्त गर्ने बैंकले जनाएको छ ।

सो खाता सिद्धार्थ बैंकको १९० वटा शाखा कार्यालयहरूबाट सहजै यो खाता खोल्न सकिने बताइएको छ । यस खाताबारे विस्तृत जानकारी नजिकैको शाखा कार्यालय वा बैंकद्वारा सञ्चालित ग्राहक सेवा केन्द्र, सिद्धार्थ केयरमा सम्पर्क गरी प्राप्त गर्न सकिने बैंकले जनाएको छ ।

## ग्लोबल आइएमई र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीच सम्झौता




**काठमाडौं/मस –** ग्लोबल आइएमई बैंक लिमिटेड तथा बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीच विभिन्न सौर्य मिनी ग्रिड परियोजनाहरूमा निर्माण सम्बन्धमा सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौता अनुसार नेपाल सरकार तथा बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीच प्राइभेट सेक्टर लिड मिनी-ग्रीड इनर्जी एक्सेस प्रोजेक्ट सम्बन्धमा सम्पन्न भएको सहायक ऋण सम्झौता बमोजिम आयोजना कार्यान्वयनको लागि केन्द्रले बैंकलाई रकम उपलब्ध गराउने छ ।

उक्त रकम ग्लोबल आइएमई बैंकले १०० केडब्ल्यूपी सौर्य मिनी ग्रिड परियोजना निर्माण/जडान तथा विद्युत वितरण कार्यको लागि ऋणको रूपमा उपलब्ध गराउने छ । बुधबार उक्त समझदारी पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. मधुसुधन अधिकारीले ऋण सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

सम्झौतापत्र हस्ताक्षर कार्यक्रममा बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका नायव कार्यकारी निर्देशक नवराज ढकाल लगायतको उपस्थिति थियो ।बैंकले यस्ता किसिमका परियोजनाहरूमा लगानी गर्नुका साथसाथै साना तथा मझौला व्यवसायलाई प्रबर्द्धन गर्न विभिन्न वित्तीय सुविधाहरु प्रदान गर्दै व्यवसाय वृद्धिको लागि सहयोग गर्ने लक्ष्य अनुसार यस सम्झौताअन्तर्गत देशको दूरदराजमा सञ्चालन हुने साना परियोजनाहरु विभिन्न बैंकिङ सुविधा प्रदान गर्ने छ ।

बैंकले मुलुकभर २८८ शाखा, २५२ एटीएम, २७५ शाखा रहित बैंकिङ सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८७० सेवा केन्द्रबाट सेवा प्रदान गर्दै आइरहेको छ ।


के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**